CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नं. २५२५

कन्चन पुडासैनी

प्रत्यागमन

891.493
PUD

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ने. २५२५

द.नं. १६८०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
ने २४२४

प्रत्यागमन

खण्डकाव्य

२०४१ सालको मदन-पुरस्कारद्वारा सम्मानित

कन्चन पुडासैनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

891.491
DUD

द्वितीय संस्करण : ११०० प्रति
फाल्गुन २०४२

मूल्य रु. १९/५०

वाल्मीकि विद्यापीठ-पुस्तकालय
दि. नं. १७८०२

लेखकको प्रकाशकत्वमा
मुद्रक : शिवशंकर प्रसाद, दीपक प्रेस, एस० १७/२७२ नदेसर, वाराणसी क्याण्ट ।
फोन : ४२८६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साभार †

१

सभाभरि सदाकांक्षा, शान्ति, संयम, साधुता ,
उपस्थिति जहाँ धेरै विज्ञ आदरणीयको ।
देख्छु कौतुकसम्पन्न सौजन्य अनुहारमा ,
सुगन्धी शिष्टता व्याप्त वातावरण गौरवी ।
ममा हुन्छ स्वयं सृष्ट ससङ्कोच विनम्रता ,
यस्तो सङ्कोच मान्थें म किशोरवयमा अघि ।

२

विनास्तुति, विनाआज्ञा लेखेको कविता थिएँ ,
यो पुरस्कारले मेरो साधना भो समर्थित ।
पुरस्कृत भई आज तिनदेखि कृतज्ञ छु ,
सम्पदा जसले पारे कीर्तिमा परिवर्तित ।
रहेछ अझ सम्मान्य काव्यको साधना पनि ,
रहेछ अझ मान्छेमा दिनाको चाहना पनि ।

३

अनन्त चिन्तन-श्रेणी, सोच्ता धेरै बिते दिन ,
अधूरो सुखको बोध, अधूरो वेदना अझ ।
रसाए पनि पीडाले कवि-लोचनका कुना
अधूरो काव्यको पीडा विना मार्मिक व्यञ्जना ।
बन्धुहो ! आजको दुःख जो अधूरै असह्य छ ,
अझै सङ्कटको शङ्का, भय नै अझ भाग्यमा ।

---

†. मदन-पुरस्कार प्रदान गर्ने समारोहमा व्यक्त उद्गार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढ्ने छन् अझ अन्याय, उपेक्षा र दरिद्रता,
कवि-कर्तव्यको चिन्ता पनि बढ्नेछ काव्यमा :

४

"श्रद्धा-योग्य कुरा के छ ? के छ कर्तव्यको स्थिति ?
मान्छेलाई त सन्चै छ ? मान्छेका लागि के भयो?"
कसैले प्रश्न यो गर्दा नपाई झट्ट उत्तर,
रोपाइँ सकिँदासाथ म टोलाएँ असारमा।
मान्छेका घरको बाटो भिज्दै साउनमा हिँडें,
म टोलाएँ विनाछाता भदौरे घाममा पनि।

५

सम्झें टोलाउँदा डाँडा-उताको जल-निर्झर,
जसको छेउमा सानो खोरिया छ किसानको।
त्यो मित्र पनि भो याद, गन्ध पाई तमाखुको
जसको छेउमा बूढो छिमेकी बस्न आउँछ।
गाउँका प्रेम-सन्ध्याको बयानै गर्नु हो भने,
सभामा वनबेली झैं वक्ता मगमगाउँछ।

६

यौटा हाँगो असारेको लाछी बोकेर काँधमा,
जसमा फूल देखिन्थे बालामा धान झैं घना।
प्रेमिकाको ढुकें बाटो, नजीकै आउँदा उनी
बजाएँ त्यस हाँगाले, सारा फूलहरू खसे।
पाउ सुन्दर देखेर पाउ-पूजा गरेसरि
प्रियाका पाउका चारैतिर फूलहरू बसे।

७

सोचेको हुँ उसै ताका बूढो भै फुर्सदी हुँदा
म नाति-नातिनालाई देशभक्ति पढाउँला :
"ल हेर, हात झैं लामो हाम्रो देश यहाँ छ यो,
यी रेखा हेर, यी हाम्रा भाग्य-रेखा भने भयो।
यसमा धन-ऐश्वर्य, सुख-सौन्दर्य जे-जति,
सबमा हक हाम्रो छ, गर्दै जानु छ उन्नति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८

"बढ्छ मानिसको शक्ति घरनेर पुगे पनि,
आ-आफ्नो घरको भित्तो दुर्ग हुन्छ लुके पनि।
देशमा उत्रँदासाथ छुट्छ संसारको डर,
देश हो एउटा ठूलो विनाझ्याल खुला घर।
कसैको देश धर्तीमा यदि शान्त समेत होस्,
नउठोस् किन उल्लास ! किन ऊ रोबिलो नहोस् !"

९

एक रात बढ्यो गर्व, यो गर्जन मबाट भो
"म नेपाली हुँ हे तारा ! तँ को होस्? कुन राजको?"
आँखा झिमझिमाए झैं देखियो त्यो प्रभामय,
लज्जान्वित भयो क्यार देशभक्त थिएन र।
भन्यो तर कसैले यो "कलेटी छन् गुराँसमा,
छैन निर्माण-योद्धाका गालामा पनि लालिमा।"

१०

देख्छु टोलाउँदै जाँदा यादका काँधमा चढी,
मनको कोष खोल्थें म उस ताका बढी बढी।
"भाग्य बढ्दैछ बिस्तार, हाम्रो ठीक रहोस् मति"
यसो भन्दा हिंडे मान्छे डराएका खुशामदी।
म उठें फूर्तिका साथ, तर थाकें यसो डुली,
अल्प्यो त्यो फूर्तिको आभा वातावरणमा मिली,
जहाँ भास्करका साथ आभाजति समेटियो
छाडेर दुनियाँलाई आ-आफ्नो घर-गाउँमा।

११

आयो त्यो साँझको पश्चात् यौटा निर्जन रात त्यो,
थिएन भय बस्तीमा धेर चोर-चकारको :
थिए मान्छेहरू आज चाँदनीरातका प्रजा
नजाने पनि सर्वोच्च चाँदनीरातको मजा।
व्यवहारीहरूलाई शान्तिको तिर्सना थियो,
ती दुब्ला मांसपेशीका अवस्था खुकुल्याउँदे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेर भोलिको चिन्ता मनका अग्रभागमा
निदाउन यथाशीघ्र थिए छटपटाउँदै।

१२

मुन्टिएर कुनै मान्छे यतै ढुन्मुनिँदै, रुँदै
साह्रै नै नसुहाएर चाँदनीरातमा हिँड्यो।
मेरो पार्श्व-जगत् ढाक्तै उसको जीउ हल्लियो,
हुत्तियो मनिरैबाट, अडूँ भन्दै थियो, लड्यो।
थियो अडिग जो मान्छे, उल्ले डगमगाउनु!
अरूदेखि नहोस्, पर्थ्यो आफूदेखि लजाउनु।
थियो चैतन्यशाली जो, आशलाग्दो युवा नर
नाचूँ झैं धर्मराएर चाँदनीरातमा लड्यो।
त्यस राती निदाएँछु म बसेको बस्यै भई,
रातमा जसरी पन्छी निदाउँछ बसी बसी।

१३

बाटा-छेउ बकैनाको बिरुवा एउटा थियो,
विना साथी-सहाराको एकलो, अदना, लुरे।
डोरी लाएर हल्लाई निठुरी बदमाशले
मुन्टो भाँचेर छाडेको ज्यादै सातो लिईकन।
आएछन् मसिना हाँगा काँधबाट दुईतिर,
(नसुकी, नसकी मर्न त्यत्रो अन्यायमा पनि)!
मुना जहाँ पलाएछन् खोज्दै झन् झन् पलाउन,
जीवनानन्दमा मुग्ध भई लहलहाउन।

१४

पीडाको एउटा द्वीप, यातनाको अवाक् थलो,
त्यसैमा सुखको गाउँ बसाएर, जसोतसो
गृहस्थी गरिएको छ, मान्छेको भित्र-बाहिर
देखिन्छ जसको छाया-प्रतिच्छाया समाजमा।
सक्नेले गर्छ अन्याय, नसक्ने न्याय खोज्दछ,
धनवान् छान्छ आनन्द, दरिद्री भात रोज्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ताडना-कर्मले त्रस्त सानो त्यो वृक्षको शिशु
जन-जीवनकै यौटा हो प्रतीक जिजीविषु ।

१५

नगरी बस्न गाह्रारो, गरी विफल, आजित ,
निराश कहिले मान्छे, निष्काम कहिले भयो ।
साँझसम्म त रोकेथ्यो दुःखको तोड जोडले ,
डाँको छाडेर रोयो उ रातको एकलासमा ।
रोई पाइन के सक्थ्यो राती, त्यो पनि एक्लै !
आँसु तैपनि मान्छेका आँखामा आउँदै रह्यो ।
किन्तु रात पसे जस्तो लाग्दै गो मनमा पनि,
कराएर उठ्यो मान्छे आत्तिएर निसास्सिदै :
"हे अन्धकारको राशि ! तँ मेरो मनबाट जा
महामेघ उठे जस्तै छाडी कोही उपत्यका ।"

१६

म आफ्ना क्षुद्रतादेखि जहाँ बागी हुँदै गएं
"क्षुद्रताहो ! हमेशा म क्षुद्रै रहन सक्तिन ।"
सदा क्षुद्रहरूद्वारा अपमान हुँदै रह्यो
असमर्थ हुनाले म धान्न आफ्नो उदारता ।
मलाई तर यो बूझ उपलब्ध भयो अब :
काम गर्दा विरोधीको उपेक्षा गर्नुपर्दछ ।
पुगेन त्यतिले, फेरि लाचारीको व्यथा बढ्यो ,
मनकै भित्तिमा बज्री हवा उल्लासको लड्यो ।

१७

धमिलो-धमिलो देख्छु : हेर्दाहेर्दै हराउँछ
खरायो स्वर्णको मेरो हरियो झाङ्मा कहीं ।
दिलमा जड पीडा छ, स्थान पाइरहेछु त्यो
स्मृति-विस्मृतिका बीच सुनसान छ जे-जति ।
देखा परिरहेको छ विनापर्वतको दिशा ,
छारो बसिरहेको छ चारैतिर दिगन्तमा ।

 [साभार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिंड्छु थाहा नपाएर, छहारीमा उभिन्न म
तरु-शाखा झुकेको छ फूलका बोझले जहाँ।

१८

जे जे टोलाउँदा देखें, भन्छु, चिन्तक सन्तहो!
धर्म बढ्ला सभाभित्र प्रायश्चित्त भयो भने।
गुजारा जसको हुन्थ्यो दिव्य सादापनासित,
कहिलेदेखि बिग्रेर सांसारिक भयो यति!
आज धेरै जनाको यो बन्यो बानी-विशेषता
छातीमा क्षोभ, बोलीमा लोलोपोतो र लुब्धता।
केही मोहहरूलाई माया मार्न सकेविना
असाधारणता धेरै भएको छ हिनामिना।

१९

को गरोस् ज्योतिको माँग उज्यालामा बसी-बसी,
बढ्ता भइसक्यो होला दुर्नामी अन्धकारको।
काम जो दिउँसै गर्छौं, गर्छौं आफूखुशीसित
र सूर्यतिर फर्कन्छौं उज्यालो चाहियो भनी।
मान्छे हुन्केन घामैमा, न छामछुम नै भयो,
खायो होला कमै धोखा उसले अन्धकारमा।
(म अनेक उज्यालामा उभिदा-उभिदै सुकें,
खनियो घाम, मेरो त भो छायातक बेपता।)

२०

डुलें टोलाउँदै सारा सम्झनाको चराचर
र थाले हेर्न सोद्देश्य मान्छेलाई उदास भै।
थिएन घरमा केही, तर त्यै तिनको घर,
ती गर्थे आश मान्छेको मान्छेबाट हताश भै।
(जसको चेहरा काहीं देखेथें, को थिइन् तिनी,
घरमा साँझको बत्ती रुंदै बाल्ने गरीबनी!)
जहाँ श्रमिक दुःखी होस्, रहोस् साधक निर्धनी,
दरकार थियो यौटा जनमेजयको पनि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१

मान्छेको हाल हेरेर बस्तीबाट हिंडेपछि
'प्रत्यागमन' मा रोए मबाट भगवान् जहाँ।
त्यहींछेउ भयो होला पुरस्कार विसर्जित,
प्रभु-मूर्ति जहाँ निस्कोस्, पूजा पाइन्छ अर्पित।
परित्राणाय साधूनाम् भगवान् अउने भए
मान्छेकै मनको बाटो अवतीर्ण हुनन् कि त!

२२

चाहिएको थियो आज एउटा गतिलो झरी,
एकैबाजि भिजोस् सारा संसार जसका मनि।
एकै महाझरीभित्र रुझोस् मानिस विश्वको
रुँदा धरधरी सारा महाकाश दयामय।
विनामार, विनादर्प, विनानाश भविष्यको,
दुनियाँ भाग्यमानी होस्, होओस् संसार निर्भय।

२३

श्रोता भइरहेकों छ यहाँ सज्जनको सभा,
बुझ्न सक्तछ जो मेरो शोकको मर्म-कारण :
बित्दै गइसके मेरा गुरु मान्छेहरू अब,
जो मेरा लागि कल्पन्थे, अर्ती दिन्थे सगौरव।
बढाए जसले मेरो जिज्ञासाका लताहरू,
पढाए जसले मेरा अन्तश्चक्षु खुलाउन।
ज्बो ज्योति:स्वप्नका वीज राख्थे मेरो सिरानमा,
जसबाट सिकें मैले– स्वार्थ उत्तम होइन।
शुरूमा शारदालाई ढोग्न पुस्तकमा सिकी
अ सिकेको थिएँ यौटा, जो ॐकार भयो पछि।

२४

कुरामा, कर्ममा, मेरा काव्यमा, गीत-पंक्तिमा,
जहाँ पाइन्छ करुणा, जहाँ सहनशीलता।
त्यहाँ छ तिनको पुण्य, जो प्रविष्ट रह्यो ममा
ऋचामा ऋषिको सत्य चिरशेष रहेसरि।

[साभार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती चाहन्थे ममा ज्ञान, मबाट जन-मङ्गल,
त्यसै यी गह आँसूले भएनन् आज टल्पल।

२५

म चढाउँछु आभार ती अग्रजहरूप्रति,
मेरो रहर देखेर जसको ममता फुक्यो।
यल्लाई कवि मानेर हुर्काउनुपर्‍यो भनी
सान्त्वनाले सुखी पारे, प्रशंसाले पुरस्कृत।
देख्न थालें अनायास ज्योति एकेक शब्दमा,
तिनै शब्द कतै चाँदी, कतै पन्ना, कतै मणि।
मनले सुन्न थालें म शब्दमा गूँज अर्थको,
प्राप्त भो मर्म-वाणीको अर्थ-झङ्कार शब्दमा।
पाएँ अक्षरमा प्राण, पंक्तिमा छन्द-देवता,
एउटै शब्दमा आँसू, वाक्यमा विश्व-वेदना।

२६

तिनको म छु आभारी, नटुटोस् तिनको कृपा,
पथभ्रष्ट हुँदा जल्ले गरे उत्कृष्ट भर्त्सना।
मैंले गाउनुपर्ने हो तिनको विरुदावलि,
छन्दमा गर्नुपर्ने हो वन्दना एक-एकको।
म चढाउँछु आभार पुरस्कर्ताहरूप्रति,
पाएँ स्याहार जसका स्नेहपूर्ण विवेकको।
मलाई दिइएको छ विशाल यश उज्ज्वल,
अनावृत भएको छ काव्य-सौन्दर्य विह्वल।

२७

मेरा मान्य मनीषीहो! म बसूँ फेरि गौणमा,
अब सञ्चित होस् मेरो अव्यक्तजति मौनमा।
रह्यो अव्यक्त, अज्ञात हुनाले नै यहाँ कति,
श्री महेश्वर सम्झेर चढाऊँ प्रार्थना यति :
फेरि त्यो अइउण् ऋऌक् डमरु-ध्वनिमा सुनी
जागोस् अव्यक्तको वीज, लेओस् सृजनको जुनी।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यागमन

एउटा गीत	१
स्मृति	५
प्रेयसी	१२
कवि-संसार	१८
आत्मोत्थान	२५
एउटा मित्र	३०
पीर-पीडा	३३
यात्री	३९
प्रत्यागमन	४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा गीत

नेपाललाई ओतका लागि श्रीपेचै छानो छ,
हामी त मौरी, हाम्रो त खालि एउटै रानो छ।

प्रेमले छोए देहको फूल फक्रेर उठ्दछ,
मान्छेको लागि धर्तीको छाती पग्रेर उठ्दछ।
विकास गर्ने इच्छाले गर्दा नेपालै न्यानो छ,
हामी त मौरी, हाम्रो त खालि एउटै रानो छ।

मानिसभित्र देशको पनि पीडा र प्यास छ,
शान्तिको बलले यो देश सँधैं सँभाल्ने आश छ।
रहर हाम्रो फैलाऊँ भने संसारै सानो छ,
हामी त मौरी, हाम्रो त खालि एउटै रानो छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यागमन

रचनाकाल : २०४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्मृति

सज्जन-गणका सामु उपस्थित हुन लागेको बेला मन यो
अलि धक मान्दै हुन थाल्छ सजग : यस रात निकट आयो क्षण यो ।
सम्झी अघिका गलती र कमी सोच्नु-सँभालिनु खूबै पर्छ,
अब पनि उनको विश्वास गुमे जीवन-मार्गै गलत ठहर्छ ।
हे सज्जनहो ! गर्दछु कोशिश, चित्त रसाए दिन्छौ माया,
निस्कन्छ तिमीबाट छहारी, खिच्नेछैनौ आफ्नो छाया ।

मानिस कविता खोस्रोस् कि हिंडोस् दैनिक दुखका जम्रा मारी,
अड्दछ पुस्तक-पसलअगाडि : कविता खरिदोस् वा तरकारी ।
कवि पनि निस्क्यौं कस्ता-कस्ता, कविचाहिं नभै कवि जस्ता छौं,
मान्य मनीषी विद्वान् भन्लान् कविवरमध्ये कति कस्ता छौं :
"एकै कृतिले अमर भएका काव्य-पुरुष छन्, तर यी हेर,
ज्ञान न चिन्तन, धैर्य न शुद्धि, लेखिरहेछन् केवल धेर ।"

कविता पनि छन् चुम्बक-मरुवा, यी न किरणको चुम्कार दिने,
मानवलाई न त उन्नायक सुन्दरताको संस्कार दिने ।
न अनूदित भै देशान्तरमा इज्जत कमिने कविता केही,
आशा गर्छन् घरका प्राणी, न तिनैलाई रमिता केही ।
तैपनि कविको विश्व बृहत्तर, कति हिंड्दा छन् सुद्धि हराई
माया-ममता सारूँ भन्दै दिलसित दिलको भेट गराई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्द-नियमका निर्माताको निर्मम छातीदेखिन् क्षुब्ध,
वन्दा दुइटा पंक्ति मजाका त्यै पढ़िराखूँ जस्तो लुब्ध।
लाग्थ्यो अनुपम काव्य फुरे झैं, अब छोएँ झैं ज्योति-किनार,
"अब परिमार्जन आयो" भनिँदा वर्ष बितेथे दश-एघार।
कवि हुन धेरै गाहारो भो; गर्न सकेको छैन तयारी
सुन्दरताले मोहोरेका भावहरूको बाँध्न भकारी।

शब्दावलिका लावा निस्कून् स्वागत गर्दै श्री सज्जनको,
लागोस् कोमल, हार्दिक, सुन्दर मङ्गलसूचक दर्शन यिनको।
जुन व्यक्ति थियो अशुभ कसैको गर्न नखोज्ने भव्य जवान,
अब एकपटक थाल्छ उ फेरि नवयौवनकै गाउन गान।
जीवन-दुखको लागेर व्यथा पाउन थाल्दा नवलालोक
उसका आँखाभरि-भरि आँसू, उसको छातीभरि-भरि शोक।

"आफ्नो दुःख त आफ्नो भैंगो, कस-कसलाई दुःख छ हेर्नू"
"मिहिनेत गरी आफू बन्नू, उपकारहरू उसपछि गर्नू।"
उत्तम दुइटा आदर्श यहाँ, क्षीण हुँदै गो पहिलोचाहिं,
आफू र अरू – दुइकै पीडा हेर्दछ कोही कहिलेकाहीं।
कति देख्छु विफल, बेस नियतले गर्ने गर्थे राम्रै मात्र;
लोक अरूका आँखा छल्दै भर्दछ आफ्नो-आफ्नो पात्र।

धेरै महिना आराम लिने उपचारकको सरसल्लाह,
खानै छाडी, हत्ते हाली जोतिनुपर्ने भाव-प्रवाह।
शायद यै पो अनुपम हो कि! न मनोरम हो त्यै भ्रम फेरि,
तिमिर गर्छन् नजर, बिरामी भैं भै दिन-दिन लेख्दाखेरि।
उठ्छन् अक्षरबाट मरीचि : लाग्छ उज्यालै भ्रामक राती,
थरमर-थरमर गर्छन् अक्षर उठ्न विवश झैं कागजमाथि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो लालन-पालन गर्दा के-कति पाले दुःख अरूले,
पाउन थाहा यसले थाल्यो, जब दिन थाले दुःख अरूले।
बूढा आफ्ना बाजे सम्झी रुन्छ बिरामी पिलपिल राती,
फुकन्थे ती– "खूब झपारें, सप्न्यो मेरो ठूलो नाति!
कविता पनि यो राम्रा पार्ला, हिंड्ला राम्रो नीति समाती,
यो पुरुषार्थी हुन्छ, चिनौला! हुन्छ भविष्यत् यसको जाती।"

तिनको महिमा तब हुन्छ शुरू– भिन्न हुँदा ती निर्धन हुन्छन्,
पैसा-पैसा जोगाड गरी टुक्रा जग्गा जोरूँ भन्छन्।
टुक्रा थपिंदा अन्नै बढ्थ्यो, रुपियैं हुन्थ्यो बेच्दा अन्न,
सय जम्मिन्थ्यो दुइ वर्षपछि अर्को सानो जग्गा किन्न।
उस बेलाको जनसंख्या कम, रुपियाँ महगो, जग्गा सस्तो,
रिन बोक्नाका गाहाराले यौटा टुक्रै फालूँ जस्तो।

टुक्रा जम्मा गरिए, जबतक परिवार बढी खर्च बढ़ेनन्,
जबतक हाम्रा डुलुवा गोडा ढुकुटी-कोठाभित्र परेनन्।
दारिद्र्य थियो भित्र बढेको : कसरी जानोस् कोही मूढ!
तर सन्तोषै प्रिय आयस्ता झन् भित्र थियो अन्तर्गूढ।
निस्सङ्ग मितव्ययिता जसको, खाँचै कम्ती, डर के रिनको!
लाज पचेको सादा घरजम : सजिलो जीवन-शैली तिनको।

विधुर भएका तरुण छँदै नै, तर नगरेका फेरि विवाह,
एकसरा ती नैतिक कर्मठ! निःस्वर जसको पीर अथाह।
दैनिक भोजनबाहेक अरू छाडिसकेका अम्मल उहिल्यै,
जीवनभरि नै दुःख गरेथे, तर नभनेथे दुःख छ कहिल्यै।
आफूलाई दुःख छ भन्नु मानो साह्रै अशुभ कुरा हो,
यसमा आफ्नो माहात्म्य छ के? यो त असाध्यै सुलभ कुरा हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम नपाए दाम्ला बाट्थे, अझ झन् तिनले निर्मित खाट,
पढ्थे शास्त्र र चिन्तन गर्थे, जीवनपछिको खोज्थे थात।
ती अभ्यागत-अतिथिहरूका आश्रयदाता मानव शान्त
योगी, साधु र सन्तहरूका बीच गुजार्थे सप्ताहान्त।
भन्थे "अस्थिर बास जगत्‌को", किन मान्थे ती त्रास मरणको!
लिन जानु छ त्यो माटो जसमा सञ्चित तिनको धूलि चरणको।

"मोह जगत्‌को तोड्‌न नसक्दै, लाग्दा-लाग्दै भोक-पियास,
जीवनदेखिन् धीत नमर्दै हुनुपर्छ भने पूर्ण निराश।
जन्मान्तरको टन्टा नपरे परमात्मामा विलय हुने हो,
मङ्गल गर्ने जन्मान्तरको तृष्णा राखे सम्भव के हो?
"कति सम्बन्धित रहला आत्मा?" भन्दै खोज्थे आत्मप्रकाश,
झल्किनसक्दै अल्पन्छ अरे जीवनपछिको अलि आभास।

दण्ड कसैले पाएछ बढी, माफ गराउन भन्न गएछन्,
बिन्ती सुन्ने अधिनायकका सामु जिराहा बन्न गएछन्।
"न्याय गरेथें, ठीक छ भन्दा अन्याय पऱ्यो भन्ने फेरि?"
तिनका आगे यौटा रैती "कस्तो ठाडो, हेर, अटेरी!"
न्याय त पाऊँ सरकार भनी उल्टै दोबर दण्ड परेर
थुनिनुपरेथ्यो तिनले भन्छन् आउन नसकी दण्ड तिरेर।

बस्थे छाडी नींद सखारै, परमात्माको गर्थे ध्यान,
जप-तप गर्दै लोकान्तरको छवि-गङ्गामा गर्थे स्नान।
भन्थे–"यो पढ्! शास्त्र भनेको, ज्ञान भनेको सानो होला?
काम तँलाई पनि लाग्ला यो, पढ्नैपर्दछ बेला-बेला।
व्यवहार अरू चल्दै गर्नन्, समय नदी झैं गइनैराख्ला,
बालीनाली घट्‌ला-बढ्‌ला : धेरै-थोरै भइनैराख्ला।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनका भित्ताबाट निरन्तर गर्थ्यो मानव-धर्म पुकार :
"पाप भनेको पर-पीडन हो, पुण्य भनेको पर-उपकार।"
बटुवालाई ओत्ला यसले भन्थे बिरुवा सारी, बारी,
बढ्थ्यो तिनको चिन्मय ईश्वर रूखहरूमा शाखा फारी।
मीठो-चोखो पाकेछ भने भन्थे पुरुखा गर्छन् आश,
"अर्पी आऊ! बाहिर गर्छन् भोका भूत-प्रेत निवास।"

अक्कर पारी थिच्थे कोही, थिचिने मानिस तिनसित रुन्थ्यो,
तिनमाथि यहाँ मुद्दा लाग्थे, तिनसित ठूलो वैर गरिन्थ्यो।
वारिस छोरो घरमा नफिरे-सम्म कुनै दिन घोरिन्थे ती,
कसरी हारौंला त भनेरै सत्को भरमा हठ लिन्थे ती।
तिनमाथि भए अन्याय यहाँ, म विवश बालक लुक्नुपरेथ्यो,
निरुपाय तिनी, तिनका गहमा उस दिन आँसू देख्नुपरेथ्यो।

पाटी कोही पर बेसीमा खेतालाका लागि बनेको,
निर्जन पथमा कोहो, तिनले मेरा बाको कार्य भनेको।
दलिन बदल्थे, झिंगटी फेर्थे आफैं तिनका बूढा हात,
पर यौटामा कङ्गाल श्रमिक बस्दछ आफ्ना बचरासाथ।
गर्दछ कसले मर्मत अहिले! भत्केर गए तिनका पाटी,
अब चिन्दैनन्, वास्तै लिन्नन् तिनको तिनका नाति-पनाति।

भन्थे–"चाँडै बोक्न बुढ्याइँ भोगी नहुनू ज्यू मासेर,
सक्षम भोगी हुनका लागि गर भोग तिमी ज्यू साँचेर।
आनन्द गरें भन्दछ मानिस, तर जीवनकै लुछ्दछ मासु,
आफ्नो हुर्मत राखेर कहाँ भोलि चुहाउनु उसले आँसु!"
वृद्ध तपस्वी, फूल मकैका चारु चपाई खुरुखुरु निल्थे,
जो हाँडीमा खरखर भुट्दा सुनमा मोती जस्तै फुल्थे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न त आशाको दासत्व बड़ो, न दबेथे ती आलस्यमनि,
जीवन-पथको महिमा देखे, देखे आफ्नो गन्तव्य पनि।
ऐश्वर्यतरफ लागेनन् ती, त्यक्त रहेको त्यो पक्ष थियो,
पाए पनि त्यो चीज सबैले पाऊन् भन्ने पो लक्ष्य थियो।
ती, दुर्व्यसनी पस्दछ भन्थे घरमा यौटा अनिकाल भई,
"औगात कता, सामर्थ्य कता, नबढोस् इच्छा जन्जाल भई।"

अझतक राखेको छु अधूरो घोषित तिनको आश्वासन त्यो,
मउपर तिनको विश्वास अटल : तिनको नासो, तिनको धन त्यो।
मास्दैछु त्यही; यदि ती हुन्थे, के भन्दा हुन् आज मलाई,
तिनको नाति म, ती दाताको, सक्दिन आफ्नै गर्न भलाइ।
आफूलाई अंश दिएका सीमित जग्गा बेच्दै खाँदो,
भोलि-भरेको जीवन-यापन कसरी भन्ने सोच्दै जाँदो।

भन्छन्– आत्मा डुल्छन्, भरसक रक्षित गर्छन् आफ्नालाई,
यस रात यहीं छौ कि मलाई हेरिरहेका डुल्दै आई!
कसरी थाहा पाऊँ र वसूँ नबिरामी झैं भैकन खूप,
के एकै पल देख्न म सकुँला अहिले तिम्रो छाया-रूप?
छवि-गङ्गाको तटतिर काहीं खोज्दै-बुझ्दै धाएर गई
पाउँछु होला ती पाउउपर गहका घल्चा घोप्ट्याउन यी?

धर्मार्थी हुन् भनिएर यहाँ, भनिएर हुने-खाने व्यक्ति,
तर दुःख छँदै, वर्ष त्रियासी नाघ्दा-नाघ्दै पाए मुक्ति।
माफी त उनी दिइनैराख्लान्, रुन पनि पाए हुन्थ्यो जाती
डाँको छाडी घुँक्का हाल्दै उनका दुइटा पाउ समाती।
पर्दैन थियो फेरि मलाई आवश्यकता परमात्माको,
यदि हुन पाए लीन उनैमा तब छाडेको छाड्यै डाँको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती सम्झिन्छन्, सुन्छु म चर्चा जब-जब आत्मा-परमात्माको,
जब पीडित भै भन्छ कसैले "आउँछ दुर्दिन पापात्माको!"
ती सम्झिन्छन्–"आत्मालाई चिरशान्ति कहाँ अनुताप रहे!
चिरशान्त भरे हुन सक्ला उ मर्ने बेला निष्पाप भए।"
कमिलालाई बाटो छोड्थे, आउन थाल्यो त्यो याद पछि,
जब कमिलाका ताँती हिँड्छन् गोरेटामा बर्सादपछि।

तिनका पछि नै बाईस अरू वर्षं गएछन् डाँडापारि,
अब छन् मेरा बाबु असीमा, निर्बल-नाजुक जीवनधारी।
ती झन् मेरो देख्न समृद्धि हुन चाहन्छन् धेरै वृद्ध,
मन-मन पिरिई आशिष दिन्छन् पार्न मलाई सफल-समृद्ध।
म भने कार्यव्यस्त हुनाले भेट्न भुले झैं पारी भान
तिनदेखि परै पर्छु, डराई आफ्नो स्थितिको गर्न बयान।

जब बढ्छ अपव्यय वैभवको, बढ्दै जान्छन् स्वार्थ र पाप,
साथी नलुटे, राष्ट्र नमारे कतिको ध्येयै हुन्छ सखाप।
चारैतिर यो पतितहरूको यत्रो पारावार छ व्याप्त,
यो यसभित्रै परिराखेको तिनको यौटा आशिषप्राप्त!
भैंगो मेरा करुणाधरहो! आज कसैसित माग्दिन भिक्षा,
वरु गरिदेऊ, यदि सक्षम छौ, मेरा कृतिको मर्म-समीक्षा।

दुनियाँको यस मैदानविषे, दुर्जन पनि छन् दर्शक जसमा,
दर्ने मेरो छैन इरादा आफूलाई दीन विवशमा।
मेरो आँसू मेरो मात्तै ठहरिन्छ भने चित्ता खाएँ,
सहृदय - सुन्दर सहधर्मीहो! चिन्ता लागी सजग गराएँ!
हाम्रो पीडालाई यिनको क्रूरपनाले नसकोस् डस्न,
क्षुद्रहरूतक जब सन्मुख छन्, मेरा आँसू लागे खस्न।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेयसी

नृत्य-कलामा पार भएकी खुशियालीको औसर पारी
उससित यौटा साथीद्वारा परदेशविषे हुन्छ चिनारी।
दायाँ-बायाँ दुइटी युवती, उसका राम्रा सँगिनी नारी,
पाँच जनाको मान बराबर, पाँच चियाको हुन्छ तयारी।
अब उठ्छे ऊ, यौटा प्याला हेर मलाई दिन लागेकी!
चोर नजरले एकै पलमा मेरो थाहा लिन लागेकी।
म त शरमाएँ, शरमाइसकें सम्मुख ठाँडदा उसको पोज,
सहसा निर्मम आक्रामक झैं लम्के उसका उच्च उरोज।

धेर जवानी, धेर मिलन-सुख, नृत्य-जगत्कै वर्णन-प्रेम,
केही उत्तर दिनुको साटो उसतिर हेर्थें, मुस्किन्थें म।
ऊ पनि गर्दै अर्कासित गफ मैंतिर हेर्थी तेर्सो ढङ्ले,
मेरा गाला कमनीय थिए नवयौवनको पहिलो रङ्ले।
मनमा लहलह रोमाञ्च थियो; मुग्ध नयनमा अग्रिम भूल,
जसमा तह-तह रूप-प्रशंसा, इच्छा-अर्पण, प्रणय-कबूल।
"कहिलेकाहीं सम्झनुहोला!" छुट्टिन लाग्दा अब ऊ बोली,
सौन्दर्य अझै अभिनन्दित होस् भन्ने उसले सोची होली!

पछि जाँदा ऊ मुस्किरहेकी, सङ्कोच थियो किन्तु मलाई,
उसले हाँस्दै स्वप्न बताई मानो आभारै त जताई:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले यौटा फूल दिएँ रे, शिरमा सिउरी उसले लाई,
ऊ बिम्झी रे अनि छामी रे रित्तो शिरमा हात पुऱ्याई।
अहिले मेरो प्रेमी मनले पायो होला के-कति प्यास!
तर हे श्रोता! जान्नु छ तैँले– दुःखान्त थियो मेरो आश।

कहिलेकाहीं भेट्दा-भेट्दै भेट्नैपर्ने हुन ऊ थाली,
उससित त्यसरी छुट्टिन्थें म फेरि मिलनको चाह उचाली।
यौटी सँगिनीसाथ थिई ऊ, त्यस कोठामा दुइटी आज,
उसले खोज्दासाथ पुगे झैं नाची, मान्दै नकली लाज।
फिल्महरूमा अभिनय गर्नै केही दिनमा ऊ जान्छे रे,
मेरो जाने इच्छा छ भने बेस, मलाई लैजान्छे रे।
त्यै औसरमा जून उदायो, हर्ष-सुराले मत्त थिएँ म,
यौटा विस्तृत उद्यानविषे आधा घण्टा दगुरिरहें म।

×

त्यो साँझ थियो कलकत्ताको, कुद्थ्यो हाम्रो मोटरकार,
रङ्गीन शहर, बिजुली बत्ती झलमलिएको सकल बजार।
चाड मनाई निस्के जस्ता देखा पर्थे जन-परिवार,
अक्षर साइनबोडहरूका बल्थे-निभ्थे बारम्बार।
अब रेल हिंड्यो स्टेशन छाडी, जलजा छ त्यहीं स्तब्ध रहेकी,
घरतिर लाग्यो उसको प्रेमी, डाक्नु छ उसले पत्रै लेखी।

पछि नै मञ्जुल दृश्यहरूमा जलजासितको प्रेम-प्रवास,
मेरो हरियो कान्लामाथि फुल्छ बुटामा लाल गुराँस!
आई नाना झङ्कारहरू शय्या पार्थे मेरो छाती,
उसनेर त्यहाँ आफू नहुँदा लाग्ने गर्थ्यो थोर नजाती।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दरताको काँडो झन्-झन् दिलमा रोप्थ्यो उसको प्यार,
तर हेर चिठी ! मेरो मुटुमा आगो लाग्यो हे संसार !

"तिम्रो साथीबाट सुनें सब, हे मित्र, तिमी प्रिय कम हैनौ,
कोहीभन्दा कम पनि छैनौ, तैपनि मेरा प्रियतम हैनौ।
अब अभिनेत्री हुनमा केही असमञ्जस पो मानें मैले,
शोभन आफ्नै नृत्यहरूमा झन्केर झुमूँ ठानें मैले।
अनि पर-परका गाउँ-शहरमा उडिजाऊँ झैं जागें अहिले,
निम्तो आयो मित्रहरूको, पेरिस जानै लागें अहिले।
तर हे साथी ! कहिलेकाहीं गर्नेछु उहीं तिम्रो याद;
पछि-पछि भावी कल्याणहरू, अघि-अघि केही बेर विषाद।"

अभिनेत्रीको लोप अकस्मात् दृश्य नखिच्दै शेष कथाको,
यो फिल्म हरे ! अलि अर्कै पो अन्दाज थियो निर्माताको !
त्यस दिनदेखिन् मानिस भन्छन् किन हो एक्लै टोलाउँछु रे,
मनमा धेरै पीर परे झैं दिन-दिन केही दुब्लाउँछु रे।
त्यो प्रेम-व्यथा चाखिसकेको मन रन्थनिऊँ मात्तै भन्छ,
रन्थनिनाको स्वाद नपाई तलतल-तलतल लागिरहन्छ।
स्वर्णिम बादल दूर क्षितिजमा, पथमा यात्री, जङ्गल र हवा,
सब सुन्दर छन्, तर सुन्दरता-हीन छ मेरो एकान्त-सभा।

जो दिक्क छ त्यो के काम गरोस् ! तर कत्ति सहोस् एकान्त पनि !
संसार ल्थालिङ्गैं छाडी कति होइरहोस् दिग्भ्रान्त पनि !
'केही लेख्ने गर्नुपर्‍यो कि !' हो, अब मैले कलम चलाएँ,
घोरिन थालें, केर्दै लेख्दै लयमा केही वाक्य मिलाएँ।
जब तिनलाई मन-मन गाएँ, त सुनें केही सुख पाए झैं,
भर्खर-भर्खर बोली फुट्दा दिलको बालक मुस्काए झैं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रन्थनिनाको आनन्द बढ्यो, भाका हाली छाडें रन्को,
यसरी कविता लेख्न म पल्कें, लक्ष्य बनाएँ नव जीवनको।
हेर म लेख्दैं जान कलमले अनि कागजमा देख्न रमाएँ,
जससित त्यसरो प्रीति बसाएँ, यसरी कविता पनि बेसाएँ।

× ×

आयो दहिलाबाहिर कोही, भित्र कसैको आयो श्वास,
कुन परदेशी पहिरनको हो अहिले मगमग आयो बास!
दूर सुसेल्यो वन्य पवनले, अब ठेलिदियो ढोकालाई,
ढोकाभरिको ज्योति जुनेली खनियो मेरो मुखमा आई।
ओहो! मेरो दहिलामा को? आज यिनी को उभिएकी छन्?
अब यो कस्तो संयोग! तिनी आफ्नी प्यारी जलजा रहिछन्।

आइन्, मेरी जलजा आइन्! मेरो सम्मुख-सम्मुख आइन्,
तर हे आफ्ना दुर्भाग्यहरू! तिनले कस्तो दृष्टि लगाइन्!
त्यसरी माया मारिदिनाले दिलमा नीलै-नील परेको
दीन मलाई देखेर पनि नचिने जस्तै हेर्ने धोको?
व्यर्थ विगतको भेष लगाई किन आएकी देखा पर्न?
किन आएकी धाएर यहाँ यसरी काला आँखा तर्न?

यदि हेर्थी ऊ परिचितले झैं, मनमा बल्थे जीवन-मोती,
मुस्कान बनी निस्कन सक्थ्यो मेरो अन्तस्तलको ज्योति।
केवल हेरी जान भने झैं जब ऊ सम्मुख आएर अड़ी,
किन नादानी स्वीकार गरूँ अब यसभन्दा चाहेर बढ़ी!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो निर्मलतम सुनसान निशा, यो आकस्मिक मौन मिलाप,
प्रेम-निवेदन गर्ने बेला हैन, जगाउनु छैन विलाप।
शोक मनाई शेष रहेका इच्छाको यो उत्सर्ग-घडी,
गर्नु छ यौटा पीर विर्सजित, हे अन्तिम दुख, हे स्वर्ग-घडी!

मैले अलिकति आँखा चिम्लें, मनमा केही शान्ति कमाएँ,
सम्पूर्ण विगत आयो उठ्दै, उसपछि शायद ओठ चलाएँ:
"जब हिंडिदिइथ्यौ मेरी युवती! सुन्थ्यो मेरो मौन रुदन को?
तब हक नै के शेष रहेथ्यो मेरो अदना आशिकपनको?
मेले मेरी प्यारी रमणी! फिल्म-जगत्को आशा मारें,
झन्डै-झन्डै उम्किसकेको गाउँ-गृहस्थी फेला पारें।

"मानिस आफैं बिग्रन्छ यहाँ, आफूलाई त्यो नबिगारोस्,
होला अन्तैबाट कि भन्दै आफूलाई स्थगित नपारोस्।
पुग्दछ कसले उद्धार गरी! उसले आफैं गर्नु छ आँट,
आफैं आफ्नो पार्छ बिचल्ली, पार्दछ आफ्नो बिल्लीबाठ।
मानिसको को उद्धार गरोस्! मानिसलाई को स्याहारोस्!
मानिस सोचोस्-सम्झोस्, आफैं आफूलाई त्यो उद्धारोस्।"
यस्तो दैवी उपदेश सुनें, मैले आफ्नो बुद्धि सपारें,
यौटा बढ्दो जङ्घार तरें: आफूलाई तानें, तारें।

"सकिंदैन यहाँ राख्न कदाचित् तिम्रो इच्छा लागेर पनि,
मानिसलाई दिनुपर्छ बिदा कहिले आफैं भागेर पनि।
मेरो सुन्दर शिशुकी आमा भर्खर मात्तै निस्केर गई,
विचरी मेरो मुख हेरेर भर्खर मात्तै मुस्केर गई।
मैले यौटा कुसुमित वनको सैर लिएँ त्यो मुस्कानभरि,
मैले भर्खर गृह-जीवनको चैन पिएँ त्यो मुस्कानभरि।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्दै मेरो आकृतिलाई जलजा आफैं निस्केर गइन्,
तैपनि गाह्रो मानी-मानी जाँदै ढोकाबाहिर उभिइन्।
हेर, पसिन् ती पर घुम्तीमा, तापनि उनको अनुचर छायाँ
यसतिर उभियो, फर्कन मानो, शायद सोचिन् दायाँ-बायाँ।
शायद केही पछुताइन् ती, शायद लाग्यो मेरो मायाँ;
निशिभर लाग्यो जून धरामा, निशिभर उभियो उनको छायाँ।

×

म निदाएको बेला आई मनिर झुकेकी, म्लान भएकी,
बिउँझाउन डर मानिरहेकी, खालि मलाई हेरिरहेकी।
देख्ने मेरो धोको जस्तै आई जलजा निद्राभित्र,
स्मृतिमा राखें मैले उसको उभिइरहेको छाया-चित्र।
त्यो जाडाको बेहान थियो, बाहिर कुहिरा बिम्झिरहेथे,
भाँचिरहेथे आँग यसोरी मानो सपना सम्झिरहेथे।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कवि-संसार

टोक्थ्यौं हलुवाबेद हरीया; जब हूल गई अम्बा चोर्थ्यौं,
गर्दा हाँगैमाथि लुटालुट, झ्याम्मै हाँगासहितै झर्थ्यौं।
बगलीभरि नै काँचा आरु, बेलोसुद्धै काँक्रा तान्थ्यौं,
नर-नारीको चेवा गर्थ्यौं, कान्लातल-तल लुक्दै जान्थ्यौं।
लाग्थ्यौं झगडा छुट्याउनमा फू-फूद्वारा झगडा फोरी,
जब क्रुद्ध भई कुस्ती खेल्थे दुइटा झिङ्गा बाहुँ जोरी।

हिँड्थ्यौं माया-प्रीति लगाई, अनि भेट्न खबर सुन्दामाथ
करुवा बोकी चुठ्न दगुर्थ्यौं : उठ्थ्यौं खाँदाखाँदै भात।
घाँटी थाकुन्जेल कराई इच्छा हुन्थ्यो खेल्न जुहारी,
गर्थे हाम्रा स्वर - ताँतीले ओहर-दोहर वारि र पारि।
ललिते लयमा भाषण गर्थ्यो– "तिर्नैपर्ला तिम्रो जारी,
भगवान् सम्झी चुम, गालामा प्यार खन्याऊ छाती नारी।"

वन-पन्छीका सिउर मुसार्दै, स्पन्दित पार्दै पीठ मुनाका
उड्थ्यो ताप्तै घाम पवनमा नवयौवनका युगको भाका।
स्वरको होली खेल्थ्यौं हामी स्वाधीन - सुखी छातीदार,
लयमा लागो शब्दहरूको लश्कर हिँड्थ्यो बोकी प्यार।
स्वरले मनको पीर उखेल्थ्यो, लान्थ्यो यौटा उच्छ्वास हरी,
दिलबाट उठी फाल्हाल्थे स्वर अधर-चुलीमा आरोह गरी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कवि हुन थाल्दा हुर्किरहेथे नौला-नौला विषय-विचार,
टोपी थापी ढकुँला भन्थें जन-जीवनका मर्म-द्वार।
अब प्यारैमा वैशिष्ट्य भजें, ऐश्वर्य सुलभ प्यारैद्वारा,
प्यार जलनमा, प्यार मिलनमा, प्यारै दुखमा, सुखमा सारा।
चित्त परेका, भोग गरेका विषयै सारा कवि-संसार,
चिर-प्रेमाकुल वाक्यहरूको हुन्छु यशस्वी सिर्जनकार।

"मेरो त नजर यस्तै छ सखी! रूप भनेपछि रोकिन्छ यसै,
प्यार भनेपछि हिंड् उतै मन, जन्जाल अरू छोड़िन्छ त्यसै।
म कहीं तिम्रो गर्छु प्रतीक्षा, भेट मलाई, गर प्यार तिमी,
राती निद्रा लागेन भने आऊ गर्दै अभिसार तिमी।
प्रेमविना दिन धेर बितेछन्, थालौं कि नयाँ प्रेम-प्रसङ्ग!"
कविताद्वारा आह्वान गरें– "गरिहेर तिमी प्रेम मसङ्ग।"

अलिखित हुन गै बटुवा जस्ता छुट्टा मेरा नायक डुल्छन्,
चारुमतीले लाक दिएका कोही आशिक सुख-चञ्चल छन्।
सुकुमार युवा नायक कोही इच्छा छातीभित्र लुकाई
हिंड्छन् दिलकी देवी देख्दा लोलुप कर्के नेत्र झुकाई।
प्रेम-व्यथाका अलि-अलि रोगी, सुन्दरताका अलि-अलि भोगी,
प्रेमी-कुलमैं जन्मे जस्ता नायक मेरा प्रेम-वियोगी।

जलजासितको दुःखान्तपछि डुल्थें मनको तलतल मेट्न,
कोही युवती गौंडा ढुक्थे, राह बथान्थे, खोज्थे भेट्न।
यौटी नखरे भाखा राख्थी, अन्तै जान्थी, हुन्थी चोखी,
भन्थी–"अब ता पत्यायौ कि!" किरिया हाल्थी औंलो टोकी।
भन्थें–"ओहो! गर्छु अधूरो कवितालाई भन्दा प्यार,
केवल बेईमान तिमी छौ, हैन गरेको अनपत्यार।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यौटी त थिई अन्तर्यामी, बोल्थी शिरमा सप्को हाली,
प्राय पछिल्तिर फर्की-फर्की घुर्की लाई गर्थी गाली :
"अब ढुन्मुनिंदै गइहाल उतै, अब नफकाए हुन्छ मलाई,
बल्न नमान्ने बत्ती छ भने किन बट्टाको सक्नु सलाई!
देख्दा आफ्नो मोहितलाई लाग्छ बडोमा जस पाए झैं,
जो पनि मोहित हुन्छ मदेखि, नगर मलाई जिस्क्याए झैं।"

कति युवतीको सङ्गत गरियो : मनको मौसम रङ्गि-बिरङ्गी,
कहिले ढुक्दा-ढुक्दै मरियो, कहिले नगए जङ्गाजङ्गी।
छन् रमणीका याद मनोरम, स्मृति नै मीठा मानिसभन्दा,
चित्त वुझाउन कत्रो मुश्किल ! अलि सङ्कोचै लाग्ला सुन्दा।
मार्मिक मीठो दालचिनी झैं भित्र जवानी चपिइरहेथ्यो,
नाइँ भनेको स्वीकृति ठान्दा झन्डै कस्तो काण्ड भएथ्यो!

भनिदेऊ त्यस युवतीलाई– "माया गर्ने मन हाम्रा छन्,
तेरा भरिला गाला जस्तै हाम्रा कविता पनि राम्रा छन्।
यौटा कविता सुनिहेरी जा : चित्त नलागे अन्तै मन ला,
'अनि हामीले प्यार गरेनौं' भन्ने यौटा शीर्षक बन्ला।"
तर उसलाई डर लाग्ला कि! अझ उसलाई लाग्ला लाज,
एक अवाञ्छित कारणद्वारा इच्छा भोकै पर्ला आज।

बहुधा आफ्ना कविता यस्ता, कतिले हेर्दा छाडा जस्ता,
चर्न कसैको खेतै खोज्ने डाम्न छुटेका साँढा जस्ता।
कविता हुन्थे प्रेस-प्रवासी, किन्तु हुलाकी मेरा प्यार,
सोचिन थाल्यो– मानिसलाई प्यारो लाग्नु छ घर-परिवार।
हैन फकाई भित्र्याएको, हैन गरेको प्रेम-विवाह,
गर्दिन आशा श्यावासीको हुन्छ कसैले नभने बाह!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष जान्ने अभिभावकले लामो पात्रो थन्क्याएथे,
नक्षत्र जुरे : निर्धक्क भई आफ्ना आँखा झिम्काएथे।
शायद वरका पूर्वकथाले पीर नपर्ने ग्रहको केटी,
अझ परवर्ती प्रेमकथाले आजित नहुने कन्या भेटी।
हेरिसकेथे दक्ष नजरले केटीका मुख, हात र गोडा,
"लावण्यवती !" वय-बेलामा हुन्छे भन्थे एक अजोडा।

"हामीलाई सब चित्त बुझ्यो, तेरो बाँकी अब मन्जूरी,
जाँगरिली छे भन्ने बुझियो, जाँगर नै हो मुख्य जरूरी।"
आफूलाई किन चाहिन्थ्यो त्यतिको जाँगर-साँगर सारा,
तैपनि सम्झें– आफू लम्फू, लोसो जस्तो जाँगरहारा।
हेर्न गएथें, हेरिन् तिनले त्रस्त नयनका एक कुनाले,
आफूलाई मन परिथिन् ती लज्जा-लोभी हृदय हुनाले।

पछि-पछि थाले उठ्न पलक ती हाम्रा मुखमा हेर्न पुलुक्क,
फलका गुच्छा हालेर बढ्यो अधरासवको बोट हलक्क।
प्यार छ ज्यूमा, प्यारै मनमा, प्यार छ मुखमा, प्यारै अन्त,
पल-पल प्यारै-प्यार छ धेरै, प्रात न सन्ध्या, प्यार अनन्त।
छन् अधकल्चा प्यार जजसका, तिनको जीवन दुखदायी भो,
बाँकी आधा प्यार नपाई रोग अधाको तिनलाई भो।

जब धान-मकै फलिनैराख्ये, उम्रिरहेकै देख्थें साग,
पढ्थें, डुल्थें वन-बारीमा बर्सन्छ जहाँ पुष्प-पराग।
दूध दुहुन्थें, प्रस्तुत गर्थे टाट्नापिच्छे घाँस-पराल,
त्यतिले पनि खुश बाबु भएथे व्यवहार-व्यथित खेतीवाल।
छोरो पाएँ पत्नीद्वारा, मुख-मुख मुस्क्यो घरमा हर्ष,
यौटा मानिस थपिई आयो गर्न निराशासित संघर्ष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी मेरा घरमा आइन् मेरो सुन्दर शिशुकी आमा,
उनले पारिन् जलजालाई दूर बहिष्कृत चार कुरामा :
श्रद्धा-पागल प्रतिभा-सागर डोल्ला खोली गति-तूफान,
भनुँला माता महिलाका ती माया, मर्का, महिमा, मान।
तर बाबु थियो अज्ञ अल्लारे, छोरोभन्दा केटाकेटी,
पाए जसले नाति-पनाति, ती नै हेर्थे चाह लपेटी।

कुन युवतीको रूपै देख्दा पाक्थे भन्छन् गहुँका बाला,
सुन्दरताको त्यै गर्मीले पछि पनि पाऱ्यो हालाबाला।
"यससित लागे अनुभूतिहरू दुहुँदा-दुहुँदै हुन्छु बिरामी",
ललिते बोल्यो–"नडरा आशिक ! हुन जाने भो खालि हुनामी।"
अनि हाँसिदियो जोर ठिटीको साझा प्रेमी हाँसे जस्तो;
मैले झन्डै पारिसकेको घरमा लाफो गाँसे जस्तो।

रूपवतीका चित्र न मैले दिउँसो उँघ्दाखेरि खिचेका,
न कुनै ललना लाडिन खोज्दा आँखा लागेपछि सोचेका।
जान्छु म हिंड्दै, उठ्दछ फुत्की पदभार-दमित पदरव-टोली,
कदमैपिच्छे शब्द कदमको, कदम-कदममा आज र भोलि।
पानी पर्दा यौटा ढोका देख्छु र पस्दा परिगो साँच्ची,
छाम्नुपरेथ्यो आफ्नो दिलमा झन्डै कोही पुलकै भाँच्ची।

"लाज पचाई बोल्दछ मानिस, बाहिर घामै लागिरहेछ,
चोर पसे झैं घरमा आई लाली जोवन दागिरहेछ!"
भन्दै उठिगै, कुन्तल बाट्दै ऐना हेर्दी मुख मुस्काई,
दुइ-चार बडा असिना मैले पर्थ्यो होला लानु समाई।
मौका पारी भित्र पसेथें ल्याउन कोही प्रेम-कहानी,
तर भन्नुपऱ्यो–"खनियो असिना, पसिनैहालें जानि-नजानी।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जालन्धरकी वृन्दालाई झुक्क्याएथ्यो कुन नकलीले ?
कुन ऋषि-रमणी राखिदिएथ्यो इन्द्र भनेको क्षुद्र छलीले ?
राम्री नारी देख्नु कसैकी नहुने कस्तो राम्रो बानी !
सज्जन मानिस ! पच्चीस फणा धर्दछ तिम्रो बेईमानी।
आऊ पतिको अनुसार लिई, तैपनि गर्नु छ आनाकानी,
खैलाबैला गर्छु म अहिल्यै, किन भित्र पस्यौ जानाजानी ?"

"असिना र हुरी एकैचोटि, बट्टुवा लाखापाखा लागे,
कुलिरहेथे ढुक्कुर-जोडी, तर्सी हाँगा छोडी भागे।
मेरो बाटो निछ्याम भयो, थाल्यो शिरमा दर्कन पानी"
आखिर बाहिर हेरिदिनाले हाँसी, लाजै पनि पो मानी :
"कहिले मेरो झर्कोफर्को, कहिले मेरो हाँस्ने बानी,
असिना पनि छन्, पात झरेछन्, तर अहिले क्या घाम र पानी !"

प्यार न कहिल्यै अपच भएथ्यो, हामी भोकै, थप जतिबाजि,
प्यार न कहिल्यै बासी हुन्थ्यो, दश दिनपछि झन् कस्तो साजी !
प्यार न कहिल्यै जूठो लाग्थ्यो, हाम्रो जूठो कतिले खाए !
प्यार त हाम्रो काव्य खुशीको, त्यै काव्य यहाँ कतिले गाए !
प्यार कसैले नगरी सक्ला ! गर्दै नै छौं अझ प्यार पनि,
सुन्दै नै छौं बसैंदेखि प्यारविनाका सम्चार पनि :

हरुवा दलको भित्री झगडा, यौटा नेता फुक्लेछ अब,
त्यत्रो सैनिक विद्रोह त्यहाँ ! को सत्तामा उक्लेछ अब ?
संग्राम अरब-इजरायलको कहिले चर्क्यो, कहिले धीमा,
नाघ्यो कसका पनडुब्बीले कुन पानीमा कसको सीमा ?
दुइटा ठूला शस्त्रास्त्रीका यी डरलाग्दा दन्तबजान,
हामीलाई पनि मार्छन् कि ! उनको मात्तै रहला ज्यान ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्यार कसैले अन्त गरेथे, जब ढङ्गविना स्वागत गरियो,
छातीभरिको आफ्नो प्यारै मनको क्रीडा-मैदान थियो।
हामी प्रेमी मात्र भएनौं, कहिले लाग्यौं बारी खन्न,
कहिले लाग्यौं भोट खसाल्दै यो सबभन्दा ठीक छ भन्न।
राष्ट्रिय कर्मठ हुन खोजेथ्यौं थाती राख्तै प्रेम-प्रसङ्ग,
अवतार लिई प्रेम गरेथे तर ईश्वरले राधासङ्ग।

नवढोस् खलबल हेर्न कुतूहल शान्ति मुलुकमा धेर हुनाले;
यो लेखेथ्यौं मन खलबलिँदा देशान्तरको उस घटनाले:
"कमनीय कुरो बोलेबापत, लेखेबापत जीवन-गान
र गरेबापत जनतालाई एक कचौरा आशा - दान।
हामीलाई दिन सक्छन् ती जब सपरिश्रम कारावास,
सरकारहरूदेखि डराऊ! तिनमाथि कमै गर विश्वास।"

गरियो मद्दत कति-कतिलाई! जसले तिनका सन्ताप टरे,
कतिले त उठी हामीलाई मद्दत गर्ने प्रस्ताव गरे!
कहिले हाम्रा गहमा भरिँदै यस धर्तीमा आषाढ झरे,
तड्प्यौं कहिले डाहाडे भै, कतिले हाम्रो डाहाड गरे!
कहिले मुखमा स्मितिको आभा, कहिले आँखा झर्केर तऱ्यौं,
उच्च विरोधी हुन मन कहिले, कहिले उनकै तारीफ गऱ्यौं।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

96502

आत्मोत्थान

कृषिका कलिला नायब केशव आगत हुन्थे घरतिर हाम्रा ,
सज्जन आँखा, पुन्टे चिउँडो, भालस्पर्शी कुन्तल राम्रा ।
चिन्थे रोगी फूल भए ती, जाँच्थे पीडित पल्लव-पात,
रेखाविद्ले हेरे जस्तै रेखा-रेखा जाँची हात ।
"यस बिरुवाले यति औषधि यो, अनि भोजन यो यसरी पाओस् ,
साह्रै प्यारो आउँछ" भन्थे "यसमा अर्को फूल त आओस् !"

कुखुरीलाई औषधि गर्दा भाले पार्थ्यो सिउर सनक्क ,
उसको शङ्का देख्दा तिनको मुस्केको मुख हुन्थ्यो मक्ख ।
कुन पत्नी हो, उपपत्नी कुन, वरिपरि हाजिर नारी नाना ,
उसको कायम भइराखेकै अधिको सौखी राजघराना ।
ती आफ्नो ज्यू आफैं पाली खप्थे उसका सब मनलागी ,
पुगिहाल्थ्यो जो हाल्न अँगालो दायाँ-बायाँ हेर्न नलागी ।

गाउँ भएरै हिंड्दा सुन्थ्यौं– "पख्नोस् श्रीमान् नायब भाइ ,
घाँस त ठ्याम्मै खान्नन् किन हो, बस्छिन् भैंसी खालि निदाई ।"
कोही हाम्रो सन्हनो खोज्थ्यो, भन्दै मेलैसित सम्झाई
"उसको सन्दुस पनि लैंजाओस् झट्टै" भन्ने भान्जालाई :
"दुइ दिन बढ्ता माइत बसिछे, लिन जानुपऱ्यो, राडो कैको !
माइत बस्ने रहर सनातन, अब गालीको डरले छेक्यो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काहीं सुन्थ्यौं– "पर्में बितिगो, पाक्छ र चामल अग्नि नबाली !
पुग्छ, हिजाको माल्पुवा खा, भात पका नै भन्दछ खालि !"
पुग्थ्यौं आखिर सगुनेको घर, भाउजु उसकी मान्थी बेस,
हेर्थ्यौं जसका काला-काला एक अँगालाभरिका केश।
म विफल हुन्थें मान्न कुरीति, त्यस कारणले गर्दा हो कि
उससित देखादेख भयो कि हेरिरहन्थी निमिषै रोकी।

उस दिन थपियो काव्य-कथामा– "यौटी विधवा युवती आई,
जसप्रति कोही अनुरक्त भयो, एक हितैषी उसले पाई।
विधवा जस्तै श्रीहीन थिई, अब आँखामा लच्छिन ल्याई,
आज त निक्कै श्रद्धापूर्वक द्यौतालाई फूल चढाई।
वरिपरि हेर्दै वस्त्र सँभाल्दै, उसपछि सम्मुख नजर उठाई
आज कथाको मध्यान्तरमा यौटी विधवा युवती आई।"

यौटा चतुरो बच्चो हुन्थ्यो उस महिलाका पीठस्थलमा,
हामीदेखिन् शरमाई त्यो लुक्ने गर्थ्यो घन कुन्तलमा।
सानो र तिनो मानिस यौटा डुब्थ्यो उसका कुन्तलभित्र,
त्यो सगुनेको छोरो हुन्थ्यो साधिरहेको स्वार्थ पवित्र।
खोज्थ्यो जेठी आमालाई आमालाई खूब भुलेर,
कुममा पक्री बुइमा कुप्री सुख पाउँदथ्यो गाउँ डुलेर।

आफूसरिकी हकवालीको सगुनबहादुर गर्थ्यो मान,
भाउजु नै होस्, पाए आफैं गर्थ्यो होला कन्यादान।
तैपनि हाम्रो आवतजावत उसलाई मन नपरे जस्तो,
सगुनबहादुर होइन उस्तो, उसका कुलको इज्जत त्यस्तो।
नायबसित जब फाल्हाली ऊ गहना-गुरिया पोको पारी,
मन-मन फुर्की दिक्क भयो उ, पिरिए उसका जोरीपारी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बदनामी के ! नामैं त चल्यो, ठीक सुशीला उसको नाम,
सगुनेसितको हिमचिम मेरो उसलाई पो लाग्यो काम।
गैंडा दुइ सय पच्चास लगी, मोटाघाटा लघु-काने ती,
हात्ती मात्रै पच्चीस थिए, सब चितवनका रैथाने ती।
प्रेमानलको अतिरेक थियो, अंशै खोस्न त बस्दिनथी ऊ,
नायब खोज्थे पुग्न त्यहाँ नै, जुन देश-जहाँ उसको जीउ।

आफ्नो माइत आए जस्तै मेरा घरमा आई जान्थी,
मेरो मुखतिर हेर्दा किन हो कर्के उभिई लज्जा मान्थी।
त्यो गामगुमे कार्य भएको टुङ्गिनसक्दै यौटा साल
केशव नहुँदा थालेछ उहाँ जम्न अरूकै दिलको खाल।
सम्झाइदिनोस् भन्न त भन्थे, मुस्केर मुखै रातो गरिथी,
"साँच्ची के हो ?" भन्दा फेरि तर्कन थाल्दै आँखा तरिथी।

देखिन मैले यद्यपि उनका सन्ताप-तरल निर्मल आँसू,
रूपवतीले त्यक्त अभागी रोए विचरा प्रेम-पिपासु।
जुन नारीले घर-वन भ्याई हेलाँ सहँदै, गाली खाई,
युग-युगदेखिन् धानी स्वामी, बोकी छोरा-छोरीलाई।
अब अँगडाई खोल्दा उसले उसको गलती गर्दछु माफ,
सादर सम्झेको छु भनेरै खबर गरेथें, सुन्छु जवाफ:

"उसले राखे म तयार थिएँ ब्रु उसकी पो बन्न रखौटी,
उल्लू मानिससित पन्साई उसले पारेको छ लखौटी।
दशतिर आँखा लाउँछ हिंड्दा, हुन थाल्छ त्यसै मोहितमान,
नखरे देखे पुग्छ घरैमा तिर्खा लागी पानी खान।
खेर गएको दुष्ट" भनी रे धारे-धारे हात ठड्याई,
टोलाइछ झन् शोभापूर्वक चिउँडामन्तिर हात अड्याई।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिप्सा-कल्पित कवि मानिसको कौतुक लाग्दो रूप अदेखा,
सुन्दरताको व्यञ्जन जस्तो अलि लापलिपे दिलको लेखा।
देखी सुखको खालि झझल्को गर्दछ कविले जब फरियाद,
उसका सुखको धोको सुन्दा सबका सुखको बढ्दछ स्वाद।
बोल्दा कविता, कविको वाणी! सुत्दा छविको चँदुवा राती,
युग-विद्रोही स्वप्न तिलस्मी पहरा दिन्छन् मस्तकमाथि।

सो त कसो हो, दिन सक्तछ उ हृदय-शिखरको ल्याई प्यार,
अलिकति देओस् प्यार कसैले, मान्न उ सक्दछ मधुराभार।
पुग्छ त्यहाँतक फेरि, झरीमा दुनियाँलाई छोडेर कहाँ,
घुमको घुम्टो ओढेर युगल बस्थे गाला जोडेर जहाँ।
गर्छु म उध्दृत अब ती विदुषी मैयाँसितको पूर्व-प्रसङ्ग,
उनसित लगभग दुइ वर्षअघि प्राप्त गरेथें त्यो सत्सङ्ग।

सरयू मैयाँ भन्थिन् उस दिन– "हाम्रो चिन्तन किन होस् स्वस्थ,
लाजैमर्नु छ, हामी हुन्छौं जब इन्द्रियकै खातिर व्यस्त।
चुम्बन, चुम्बन, झन् झन् चुम्बन, जब चुम्बनको बढ्दछ खर्च,
जीवनको सब चुम्बक खिइई जीवन खिइने पालो पर्छ।
आज छ युवती सरला बाला, प्रेमी पनि होस् सरल किशोर,
सुख खोज तिमी सरलपनामा, असरलतामा झञ्झा-झोर।"

मैं पनि उनको सन्हनी गर्दै पार्थें आफ्नो भाव खुलस्त:
"मुरलीको स्वरभन्दा मार्मिक छन् गीताका श्लोक प्रशस्त।"
ती ओठ दुवै लेब्न्याउँदथिन्– "तर यसकै छौं किन अभ्यस्त?
वृन्दावनमा मुरली बज्दा कान्तिपुरीमा प्रेमी मस्त!
इन्द्रिय हाम्रा लालायित यी छन् आ-आफ्नै सुखका निम्ति,
हाम्रो यौवन-जीवनको जो पारिरहेछन् झन् जिरिखिम्ती।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"म पसूँ तिम्रो आलिङ्गनमा, खैं त्यो लिप्सा छैन मसङ्ग,
म चुमूँ तिम्रा ओठहरू लौ, तर किन पैदा हुन्न उमङ्ग!
केटाकेटी खेले जस्तो चुम्बन-सुम्बन गर्ने काम,
फोस्रो धोको आलिङ्गनको, सित्तैं ज्यूको छामाछाम।
अब व्यभिचारी नरहुन् अच्युत, हुन सक्नुपर्‍यो प्रीतम राम,
ज्ञानेन्द्रियको आलिङ्गनमा पाऊन् भोगेन्द्रिय आराम।"

"ज्ञानेन्द्रियले पनि भेट्दा हुन् यी इन्द्रियका अनुभूति-सुरा,
यिनकै सुखमा सुख-सन्तोषी बस्ता हुन् ती नगरी नखरा।"
हुन्छु म भन्दै– "उठ्थे होलान् नत्र तिनै पनि चुम्बन खोजी,
होला तिनमा पनि चाह कतै, ती पनि होलान् अलि-अलि मोजी।"
तर ती भन्थिन्– "मन छ मलाई अब यसबारे लेखी छाड्न",
ती अति उत्सुक त्यसबारेको स्वलिखित रचना आफैं पढ्न।

"आत्मोन्नतिमा मादक व्याप्ति : विश्वै लागोस् व्याप्त स्वयम् झैं,
मानिसको दिल ज्योतिर्मय होस् फक्रिरहेको अग्नि-कुसुम झैं।
मेरो दिलले अग्नि-कुसुमको लिन गर्छ छिटै आकार शुरू,
अब देखौला हुन लागेको मेरो उज्ज्वल अनुहार शुरू।
पतन-पराङ्मुख, सङ्कल्पोन्मुख गर्नु छ यौटा परिवार शुरू,
गर्नु छ नीरव निर्जनबाटै अब हामीले संसार शुरू।"

उनदेखि झनै मुग्ध भएथें मनको वीणा-झङ्कार सुनी,
उज्ज्वल-उज्ज्वल हुन थाले झैं आफ्नो चिन्तित अनुहार पनि।
बेला-बेला अभ्यन्तरमा भइराखेकै एक प्रतीति,
जसको बाटो काटिरहन्थ्यो यौटा कलुषित इच्छा-भीति।
जिज्ञासामा आलोक-किरण, विरह-दशाको क्रमिक गिरान,
शुभ-चिन्तनका क्षण कति पावन! संघर्षविना आत्मोत्थान!

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा मित्र

त्यसताका नै परमेश गयो, मेरो यौटा प्रिय सहपाठी,
उ त आन्दोलन गर्नु छ भन्थ्यो, मैं गर्छु भनी पिट्थ्यो छाती :
"देशैभरिमा जम्मा जसका मतियारहरू दुइ - चार सय,
धन्य तिनै छन्, कीर्ति बढोस् झन्, अविचल जसको यो दिग्विजय।
कति आकर्षक षड्यन्त्र अहा ! क्या जल-जादू मनमानीको !
विस्मय जसमा पाउँछ शय्या न्यायपरायण अभिमानीको।

"हे साथीहो ! थोर बिग्याहा म थिएँ हाम्रा साथीभरिमा,
अब गर्नेछौ माफ मलाई कायम राख्दै आफ्नो गरिमा।
ममता उठ्ला, मत्थर होला मउपर बाँकी छ भने क्षोभ,
मनकारी छन् मेरा साथी, कत्रो छाती ! कत्रो रोब !
आज अचानक छुट्टिन देऊ, युगले मेरो नाम चुनेछ,
हार्नै पाए पनि यस बेला मेरो सानो विजय हुनेछ।

"यै युगभरको शब्दावलिमा म रहूँ सानो रेफसमान,
उच्चारणमा खस्रो लाग्दा जसतिर श्रोता देला ध्यान।
तर साथीहो ! गर आफ्नो लग, कौतुक राखी मतिर नहेर,
न अमरताको अभिलाषी म, न सफलताको आशा धेर।
अमर हुनाको गर्छ र इच्छा आफ्नो सुरले उठ्ने बागी !
दिन-दिन मेरो अमर कहानी बोझै होला सबका लागि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"म मरेछु भने अहिले यति नै जिम्मा लिइद्यौ, हुन्छु म ढुक्क,
खालि तिमीले सोध्नेलाई भन्नू कानैनेर सुटुक्क :
'उ त साङ्लामा चुर्मुरिएथ्यो, उसले सास्ती खानुपरेथ्यो,
बूझ पचाई बस्न नसक्दा कारागारैभित्र मरेथ्यो।'
तनमा साङ्ला लागिसके झैं सुन्छु म जसको मन्द बजाइ,
चुँडिनेछैनन् चलमल गर्दा, छाड्नेछैनन् कस्न मलाई।"

तर आएथ्यो केही दिनमैं लाज पचाई, कस्तो चोर!
तनमा न कतै साङ्ला-साङ्ली, न त सास्तीकै चिह्न कठोर।
बरु सिकटे भै; कारागृहमा नपुगे जस्तो स्याहार उति,
नदिने चलनै होला कि त्यहाँ तागत लाग्ने आहार उति।
न त ल्याएको मेरा लागि सौगात कुनै छ त्यहाँबाट;
वन-वानरले गाँड भरे झैं गाँड कुराले भर्दछ ढाँट।

नैतिकतावान्, झरिला तार्किक, युगको पीडा भित्र गढेका
मित्र अनेकन् भेटें भन्थ्यो, दिलदार असन्तोष बढ़ेका।
केही त गरौं, हो गर्नुपर्‍यो; केचाहिं गरौं? छैन जवाफ;
आखिर अहिले छाडौं भन्दा सबका शिरको घटदछ ताप।
सबको मुहुडा हुन थाल्छ सुखी, मानो मनको छुट्दछ पाप,
हर सहभागी पाउँछ फिर्ता आफ्नो-आफ्नो धाक-रवाफ।

"जसको प्रवचन प्रलयङ्कर होस्, जो युगसङ्गत कर्मठ त्यागी,
जो होस् त्यस्तो धीर यशस्वी, त्यो हुन सक्ला सक्षम बागी।
जो पक्रिइँदा कोलाहल होस् : 'हाम्रो मानिस छाड र भाग',
थर्कोस् कारा, चर्कोस् चर्चा : 'थुनियो थुन्नै नहुने बाघ।'
या आयुधका सन्मुख आयुध" भन्दै मुखका थुन्छ कपाट;
एक इलाका छानी त्यसको चोला फेर्ने अबको आँट :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"अबको हाम्रो मन्वन्तरमा बढ्ला जलको प्रलयोन्माद,
नेपालीका यस खाडलमा टलपल गर्ला झील अगाध।
उक्ली घुम्तीदार उकाला उसतिर पुग्लान् भैंकन हाला
यस खाडलका सब रैथाने, मञ्जुश्रीका यी हकवाला।
जाऊँ अहिल्यैदेखि म, यिनले गौरवपूर्वक गर्दा राज
मीठा लाग्ने फलफुलसाथै पाऊन् गतिला अन्न-अनाज।

"परिवार-नियोजनका साधन : धेरै धरती राख्नु छ खाली,
रमणीय स्थल राख्नु छ निर्जन; नयनोल्लासी उन्नत बाली!
बाहिर लहलह झाङ-लहर छन्, भैंभित्र बडा खँदिला गेडा,
खर्कहरूमा छाप्छाप्ती झन् उच्चा कुलका बढुवा भेडा।
चाखून् अहिले स्थानीय स्वजन यिनले खाने असल पदार्थ,
उपचार सुलभ : नघटोस् यिनको झाङ्गिनुपर्ने कुल निःस्वार्थ।"

अलि भिन्न समाधान उ खोज्थ्यो, फोऱ्यो भन्छन् परिवार पनि,
भोगी पनि त्यो हैन भएको आउँछ चाँडै अणु-कल्प भनी।
बरु साविक झैं प्रलय जलैको हेरी खोज्थ्यो बस्न शिखरमा,
यौटा बस्ती मानो छ त्यहाँ जोगिन जाने कल्पान्तरमा।
गर्न दिँदैनन् भन्थ्यो किन हो– "म हुँला अदना सेवक खालि,
जाँदैछु सखे! धेरै मनसुब मनकै झोलाभित्र खसाली।"

× ×

सोचोस् मानिस मानिसमध्ये यस्तो मानिस हुनका लागि :
दीपहरूको दरकार कहाँ बत्ती देखाउनका लागि!
"जो ज्यूँदामा सोत्साह अरू धेरै मानिस सक्छन् ज्यून",
आउँछ ऋषिको आशिष-वाणी– "त्यसको जीवन होस् अन्यून।"
अनि गुण-गायक हिम-पर्वत झैं उठ्छ र हिँड्दछ भन्दै स्वस्ति
दण्डहरूको बार छिचोली उसको प्रस्तुत गर्न प्रशस्ति।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीर-पीडा

आइरहेछन् चिन्ता गर्दै त्यै पैंसट्ठीजतिका वृद्ध,
पद-मानहरू भोगिसकेका, अझ पनि सम्मानित र समृद्ध।
सहसा परिचित मानिस चिन्दै अभिवादनको उत्तर दिन्छन्,
"भाइ, शुभेच्छा लिनुहोला है!" भन्दै आफ्नो स्थितिमा हिंड्छन्।
"जीवनभरिका लागि शुभेच्छा!" भन्छन् फर्कीकन ती डाकी
"भेट हुने हो-होइन फेरि, अब होला नै कति दिन बाँकी!"

पाई त्यस्तो एक शुभेच्छा तारुण्य छँदै बुद्ध हिंडेथे,
कतिले उनको दीक्षा पाई हार सकार्दा तृप्ति जितेथे।
हैकमभन्दा ममता विस्तृत, सञ्चितिभन्दा सफल अभाव,
जस्तो क्षमता, त्यस्तै महिमा, त्याग छ जत्रो, त्यत्रै लाभ।
"ती बुद्ध थिए, ती अर्कै हुन्" भन्दो होला मानिस अहिले,
मैं पनि गरुँला भन्छु, मिलाऊँ आफ्नो बन्दोबस्त त पहिले।

म सुकुम्बासी जनतालाई किनिदिउँला घर, बारी, खेत,
साधन दिउँला निर्धनलाई यदि भइदेओस् मसित बजेट।
ठाउँ नपुग्दै चुहिंदा-चुहिंदा रित्तिन खोज्ने धनको भाँडो
म खन्याइदिने गरुँला त्यस्तैं ठाउँहरूमा चाँडो-चाँडो।
विकसित होलान् परिवारहरू, खुरुखुरु होला बेस विकास,
बित्छ मुहानै बन्दा खेती आज नहरको गर्दा आश।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब त्यो भरिया जस्तो मानिस मेरो घरको जाँच्छ बडाइ,
कुक्कुरको डर मान्दै हच्की हेर्दछ गौंडाबाट चिहाई।
शिर गर्दनतक निहुराई त्यो ढोग्दछ जोड्दै हात मलाई,
काम दिएमा जे पनि गर्ने, गर्छु सकेको भन्ने आई।
म थिएँ आजै अभिशप्त, कतै अभिवादनको भीख पुऱ्याई,
गर्दै आदर अभिवादनको तैंपनि जोडें हात उठाई।

"सानैदेखिन् म गरीब हजुर!" भन्छ अभागी दुख पाएको,
"ज्याला-पानी जम्मा पारी लत्ता-कपड़ा लिन आएको।"
दौरा फेरै फाटिसकेको, नाम्लो वेष्टित पटुकामाथि,
"यसको ज्याला आधा मात्त" भन्न छ बालक छोरो साथी।
खान दिनाको इच्छा नहुँदा बास नदेलान् भन्ने पीर,
"आज चियामा हालेर मकै खायौं भर्खर" भन्न अधीर।

मैले सोचें– श्रमिक छ कोही, लाउन-खानै प्रलय-पहाड,
कोही छ धनी, मर्ने भयले उसको जम्मै हृदय उजाड।
तैंपनि लाग्यो पीर मलाई, पीर मलाई लागेर बस्यो,
बुझ्न रहेको विषय थियो यो : मेरो मनमा सन्त्रास पस्यो।
वर्षै सतचालीस बितेछन्, अब भोलि उनंचास-पचास,
शेष हुँदैछन् एक तिहाई आखिरतिरका वर्ष उदास।

मानिस आफैं बूढो नभई सक्दैन यहाँ बुझ्न बुढेस,
दृष्टि धमीलो हुन्न जहाँतक, खोज्दैन पिठ्यूँ खालि अडेस।
अब छोराका छोरा हुन्छन् नरनाताले नव नातिहरू,
म त बिस्तारै तेस्रो पुस्ता : पुरुखा बन्ने क्रम सुन्छ शुरू!
बूढा जसका कान र आँखा, झन्-झन् हेर्ने-सुन्ने इच्छा,
मानिस 'झट्टै काल नआओस्' भन्दछ गर्दै काल-प्रतीक्षा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिए फुटकर काम अनेकौं, फुटकर कोशिश, फुटकर लाभ,
जेतेमेते जे पनि किन्दै डक्कै मास्नु त पक्कै पाप।
यौटा स्वर्णिम मुद्रा तोडी खर्च गरे झैं फुटकर मुद्रा
खर्च भएछन् दिन-दिन गर्दै जीवन-धनका धेरै खुद्रा।
"सौभाग्य ढिलै आउँछ साथी!" यो आशाको सन्धान थियो,
शायद आफ्नै सूक्ति थियो त्यो, अनुमान थियो, त्यो भान थियो।

नगरी नहुने दिनचर्या छन्, काम बितेका अहिलेका छन्,
गर्नैपर्थे पछिका लागि : गर्न छुटेका पहिलेका छन्।
गन्दछु डुल्दै– आठ कदम भो, आठ त भन्छन् हुन्छ अफाप,
झटपट् म नवौं कदम उचाल्दै उम्कन खोज्दछु आठौंबाट।
जूनै-जून छ, कालो कुक्कुर घुक्दछ आफ्नै याद पिरोला,
उसको पनि ता जीवन यौटा : चिन्ता होलान्, पीडा होला।

हे रात, अझै सोच्नु छ पर्खिदे, कि छिटो आओस् एक बिहान,
क्षणका पतकर झर्दै जाऊन्, भरिंदै जाओस् घोर चिहान।
कति दिन सोच्दै सोच्दै जाऊँ र भई आऊं फेरि उदास!
जे-जति सोचूँ, जेचाहिं गरूँ, त्यसले थिचिई दब्दछ आश।
शायद यस्तो युग आयो कि उति सुन्दरता शेष रहेन,
कि भई लापरवाह निरन्तर यो मानिस नै बेस रहेन।

देख्न म अहिले लागेको छु जलका छल्कनहीन किनार,
पुर-द्वार बडा बन्द हुँदैछन्, शून्य हुँदैछन् स्वर्ग-बजार।
डर लाग्छ– यसै सोच्दासोच्दै घेर्न नथालोस् अन्तिम क्षणले,
डर लाग्छ– रहर गर्दागर्दै छाडिनहालोस् प्रिय जीवनले।
डर लाग्छ– यसै हारिनजाऊँ यी राज्यहरू आकांक्षाका
आशाले सर गरिराखेका सरहद बाँध्दै, थुन्दै नाका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तातो तातो बाफ अकस्मात् मुखमा भर्खर आयो हप्प,
गर्दागर्दै पनि मानिसले रुनुपर्छ यहाँ आँसू तप्प।
झाडी जस्तै निविड छ मेरा मनका पीडाको भण्डार,
छ छिचोल्न कठिन मैले आफ्नो पीडाको यो अनकन्टार।
अब चाँडै यी गह अखन्नन्, चल्दैन यसै जीवन-क्रीडा,
पीडा ज्यूँदा मानिसको यो : यो हो यौटा जीवन-पीडा।

एक छिमलमा पीडामयता एक नशा झैं लाग्ने हुन्छ,
दुख्दछ यसले तैपनि मानिस दारुण पीडा माग्ने हुन्छ।
पीडा देऊ आज मलाई, गर्छु म अहिले पीडा-पान,
विकल भएको मानिसलाई गर मानिसहो! पीडा दान।
सम्भव छ भने देऊ सबले अब पीड़ाको राज मलाई,
रन्थनिएको चिन्तन-धारा! पीडै-पीडा आज मलाई।

वन होस् रूखै-रूखहरूको, छायामय होस् त्यो सुनसान,
पीडै-पीडाबाट झरेका फूलहरूको मौन मसान।
कोही गुनगुन सुनिँदै आओस्, आओस् सुनिँदै-सुनिँदै नेर,
एक भयङ्कर झङ्कारसंगै आओस् अब त्यो गान बनेर।
ताजा तीखा दुःखहरूको भुमरी पर्दो भेलसमान,
वक्र कराली पर्दै बहँदो मानो मेरो नै चिच्च्यान।

त्यो एकाकी सुन्दो होऊँ, मित्र दिलैमा झुक्दो होऊँ,
पछि-पछि लाग्ने घाउहरूतक अनुभव गर्नै पुग्दो होऊँ।
बस्दा-बस्दै उंघ्दो होऊँ उरका भित्ता गुँज्दा-गुंज्दै,
टोलाएका नयनहरू यी आँसुहरूले रुझ्दा-रुझ्दै।
मघुरो होस् त्यो झङ्कार अनि टोलाए झैं तन्द्रिलपनले,
—सोच्छु म आकुल-व्याकुल हुन गै, आहत-आतुर विह्वल मनले।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही पागल जन-गायकले डुब्दै स्मृतिका प्यारहरूमा
कुञ्ज-विजनमा बिर्सिगएको वीणाका ती तारहरूमा
छुन्छ त्यहाँको मधुर पवनले, छुन्छ अचानक तिनका ज्यूमा,
तिनको ज्यूभर काँपिरहेका पीडाका ती ज्वारहरूमा।
उच्च स्वरमा कुँज्न नपाई रन्थनिराख्छन् ती तारहरू,
आकांक्षाले सकस भएका ती व्याकुल ती लाचारहरू।

तिनलाई त्यो मन्द पवनले यति बिस्तारै झन्काउँछ कि,
काँपिरहेका हुन्छन् जब ती, यसरी ढीलो रन्काउँछ कि!
केवल मसिना संकेतहरू सुनिहेर्नामा सुख जान्दछ उ,
वा ती नाजुक तारहरूका आर्तस्वरको भय मान्दछ उ।
—हरदम यस्तै गूँज झझल्को लाग्छ मलाई आत्मजलनले,
निद्रा पनि सब बन्दछ तन्द्रा, जाग्दछु हरदम यस रन्थनले।

× ×

कुन बेला यी कुहिरा आई खोचहरूमा बास बसेका,
कान्तिपुरीका नीला-नीला भित्तासम्मन् रास बसेका।
शिवले ओढ्ने पाखी जस्ता खालि खरानी-रङ्ग घसेका,
नाघी मेरो परखाल उसै आँगन र पिंढीसम्म पसेका।
कुहिरा धम्मरधूस धमीला माथि धुरीमा धुम्मिरहेका,
अनि बुइँगलको झ्यालअगाडि भित्र चिहाई झुम्मिरहेका।

कुहिरीमण्डल कुहिरै-कुहिरा धुइरिसकेका रातारात,
राशिहरूमा राशि अगोचर, धेरै-धेरै एक जमात।
हाँगा-हाँगामाथि चढेका, वृक्ष-शिखामा गुजमुजिएका,
धरधूलामा खेले जस्ता फुस्रा, कुन्तल खजमजिएका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढोका खोल्नासाथ मलाई आफ्नो आलिङ्गनमा पारी
आफूसित नै लैजाऊँ झैं हुन्छन् शीतल चुम्बनकारी।

यति नै बेला जाग्यो जनता, पूर्वाञ्चलमा लाग्यो घाम,
उदयाचलका थुम्कामाथि बाल प्रभाकर दीप्त ललाम।
एकेक गरी फाट्दै कुहिरा लागे उफ्री खेल्न किरणमा,
अल्पनुपहिले भिड्दै भागे नाच्दै बालापनका क्षणमा।
यौटा साथी डाक्न गएका, जान नसक्दा आज उचाहिँ
क्रीडाप्रेमी बालक-सेना खेल्न हिंडे झैं अन्तै काहीं।

जब टक्टकिऊँ भन्ला जीवन, थाहा होला– आयो बेला,
रहने मानिस ढाडस देलान्– "अब सकिने भो झोंज-झमेला।"
होलान् कोही आश्वस्त सुखी, तिनले पाऊन् शान्ति जिएर,
कोही रोलान्, मूर्छित होलान्, ती पनि उठ्लान् बाध्य भएर।
आए कुहिरा! फेरि, लपेटी लान मलाई आफ्नो पारी,
अहिले म रहूँ कविता-साधक, सामाजिक जन, घर-व्यवहारी।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्री

चर्चा छ अझै कलिलै जस्तो मेरा माया-प्रीतिहरूको ,
मैले पो खै भुल्न सकेको यौवनको त्यो प्यार शुरूको !
प्रेमी भनिई दुर्नाम अझै, आशिक भन्दै परिहास अझै ,
तैपनि मेरो नाम नराम्रो छैन कि भन्ने विश्वास अझै ।
आशिकको के दुर्नामी होस् ! जसमा हार्दिक हुन्छ विवशता ,
प्रेमी बुझिनै सक्छ, कसैको प्रिय मानिस भैं आफू बस्ता ।

आशिक पनि के, कवि-धर्म थियो, मेरो छुट्टै आसक्ति कति ?
लागिरहेथें– आस्थाको धुन अपूँ नारी-सौन्दर्यप्रति ।
म त नाकनिके नाके बोली गर्दिन गर्दै इच्छा-घात ,
सुन्दरताको सामीप्य दिऊँ भन्थें मोहक मस्तीसाथ ।
नारी र पुरुष-मनको जलसा : कविको दर्जा संयोजकको ;
अभिभूत हुँदा राखें वास्ता घटना-क्रमको न कथानकको ।

बस्त्र नलाई जन्मेको ज्यू अर्धवसनमा लाग्दछ भव्य ,
आवेगरहित ममता-मोहित हार्दिक चुम्बन लाग्छ अलभ्य ।
अझ मानिसमा प्यार पुरातन खोज्दछ मानव-चित्त उदार ,
नर-नारीका बीच सनातन सौरभ जस्तो मोहक प्यार ।
सौन्दर्य-विकल नहुने मनको मन लाग्छ अझै गर्न विरोध ,
प्रीति लगाई हिंड्न नजान्ने विद्वान् सज्जन लाग्छ अबोध ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तैपनि बद्‌ल्यो मनको मानिस, आज लुगा पनि मैला जस्ता,
बिर्सेछ धुनै, चारुहरूका वरिपरि कविता खोजी बस्ता।
दुविधा मानी पथमा उभियो तीर्थ हिंडेको यात्री यौटा
खोज्दै जीवन-कार्यक्रमको ज्ञानोद्‌भासक दानी द्यौता।
धोई, तटमा वस्त्र सुकाई, सुनकोशीमा स्नान गरेर
लाग्छ उकालो, मित्र छ यौटा, भेटूँ भन्ने ध्यान गरेर।

अनिकाल पऱ्यो भन्ने सुन्थें, शङ्का गर्थें भोकमरीको,
अखबारहरू चिन्ता गर्थे नर-नारीका प्राण-चरीको।
प्रतिनिधि-मण्डल आयो भन्थे भोकमरीको गर्न विलाप,
मदिरालयमा खाए भन्थे तिनले खूबै मासु-कवाफ।
आइरहेछन् धेरै भन्थे दुब्ला-निर्धा भोका-भोकी,
दुइ-दुइ माना चामल-वितरण गरियो भन्थे बाटो रोकी।

त्यो उत्साही साथी मेरो परमेश उही शैलनिवासी,
वरिपरि हेर्दै भित्र पुऱ्याई बस्तछ सानो मुखले हाँसी।
मतियारकहाँ म गए जस्तो लुक्न कसैको मारी ज्यान,
जसका पछि-पछि लागेका छन् जासूसहरू एक बथान।
"अब आमन्त्रित नगरेस् साथी" भन्ने निष्ठुर प्रहरी कस्ता,
साथी आए आत्तिनुपर्ने कस्तो पीडापूर्ण अवस्था!

गर्थ्यो उहिले दूर मलाई देख्दासाथै हर्षबडाइँ,
एक विजेता मित्र गए झैं सकिई आशाहीन लडाइं:
"ए गृहलक्ष्मी! बाहिर आऊ, हेर त मेरो साथी आयो,
हेर त आफ्नो परखालउता, मेरो विद्वान् सूर्य उदायो!"
अघि थाह दिए लागेसक्दो गर्थ्यो मेरो स्वागत गर्न,
लावालश्करसाथ यहाँको जान्थ्यो मेरो बाटो कुर्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बारीभित्रै कति तरकारी ! उसका घरमा पौल दहीको,
भन्थ्यो– "साथी धाप्पी आयो, छेलोखेलो पाछुं महीको।"
उत्रन थाल्थ्यो नौनी-नौनी शुभ्र दहीको सुषमा जस्तै,
सुस्त मदानीवरिपरि थपिंदै बढ्थ्यो कनिके घेरा कस्तै।
तरदार दही, स्वादिष्ट ढिंडो, चटनी; थप्थ्यो त्यो दूध कति :
"खाऊ साथी ! यत्ति त खाऊ, अब यति मात्तै, बुत्तिन्छ यति।"

अकुशल कर्मठ, चिन्ता-पङ्खी म त आवारा जस्तो व्यक्ति,
अर्को दिन झन् गजुरै हाल्थ्यो साथी भन्दा उसको भक्ति :
"सेवा तिम्री गृहलक्ष्मीको सम्झन्छे यो गृहिणी मेरी,
मन छ उहीं नै मार्न थकाइ, सुन्नु छ कविता धोको फेरी।"
मेरा घरमा किन गइराख्थे ! तैपनि त्यसको वर्णनकारी
टक्र्याउँदथ्यो नास्पाती त्यो ताछी टुक्रा-टुक्रा पारी।

त्यो पर्वतको प्रेमी सेवक आँटिरहेथ्यो जागिर खान,
शायद आफ्नो हुलिया बद्‌ली लाञ्छित बस्ती छाडी जान।
गोठ बनेको एक कुनामा आज छ यौटा सानो बाच्छी,
भन्न उ थाल्यो पिलपिल गर्ने रोगी बत्ती राखी साक्षी :
अनिकाल पऱ्यो, बस्तु बिके सब, खोरहरू छन् अझ सुनसान,
गोठहरूमा दाम्ला देख्छौ मरिराखेका नागसमान।

अन्न कमाए, अन्नै रोपे, अन्नै ओढ़े, अन्नै लाए,
अन्नै खाई परिवार बढ़े, अन्नै मागी चाड मनाए।
त्यो पनि साहू दाइ गनिन्थ्यो, जसले पाँचौं सय खेलायो,
घर ठहरिन्थ्यो बन्दोबस्ती, जसले पक्की छानो लायो।
अन्नै बेची खाँचो टारे, बरु रिन खोजी पछि बेसाए,
अन्नविना नै तब भोका भै खाँ-खाँ गर्दै मुख पनि बाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही महिला माइत दगुरी, मामा-घरको पथमा कोही,
कोही सित्तैं मित्रकहाँ गै आयो रित्तै हुर्मत रोई।
मागी पाउन्जेल कसैले ससुरालीको पैंचो खायो,
बुच्चो पारी नाक कसैले, थाल कसैले बेची आयो।
खाए वेला-पातलगायत सर्वाहारी सलह बनेर,
खाए कतिले खानु-अखानु खानु हुने यो गानु भनेर।

"आर्घौं पनि ता खानैंपर्ला यस सम्बत्‌को अनिकालीले,
जब खाइसक्यो बीज-बियाँतक, पैंचो तिर्ला कुन बालीले?"
भोको फर्क्यो ठग्न नपाई ईमानसितै साटेर पनि,
अनिकाल पऱ्यो, विश्वास घट्यो, पाइन छाड्यो ढाँटेर पनि।
पढ्ये-लेख्ये बालक मानव, रोई रोई बेहाल भए,
भोको मानिस च्याँठ्िन थाल्यो, दुइटै बच्चा जन्जाल भए।

दुलही हाल्थे रातो घुम्टो, त्यतिखेर चलन अर्को आयो,
अन्न त कालो घुम्टो हाली भित्री ढोकाबाट चिहायो।
झन् आकर्षक, कमनीय हुँदा अन्न हुल्याहादेखि डरायो,
मूसो विलमा अल्पे जस्तै अन्न बिलायो, अन्न हरायो।
मुलुकै पालिन सक्दछ भन्थे गणित-ज्ञानी जानिफकार,
आय र वितरण नमिलेकाले प्राण-समस्या अपरम्पार।

तलका मास्तिर कर्के हेर्थे, तर त्यसतिरका पुण्य कमाई
औंल्याउँदथे तलतिर– "गाली गर्नै छ भने गर तिनलाई।"
"यौटा वर्जित, अर्को त्यस्तै" भन्थे कोही व्याख्याकार
"नगर यसो है भन्दाभन्दै मानिस मोरो लुब्ध लवार।"
मान्यहरूका चर्तिकला यी, यी हुन् उनका औदार्यहरू,
पाउन किन हो सक्दैनन् ती स्थिति यसभन्दा स्वीकार्य अरू!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्न निकासी गर्थ्यो पहिले : अन्नै बेच्थ्यो सरकार पनि,
अन्नै माग्थ्यो भोकमरीको बेला पाऊँ आहार भनी।
जिल्ला-शासक भोक त बुझ्थ्यो, तर चाहन्थ्यो असफल नहुनै,
गौंडापिच्छे चेवा उसका : छिर्ला उल्लू वाचाल कुनै!
शरमाउँदथ्यो, दुःख यहाँको लानु कसैले किन अन्यत्र!
गर-गाउँ त के, गोरेटातक राखूँ भन्थ्यो शासित क्षेत्र।

हप्की दिन्थ्यो–"थप्दछ जनता जनसंख्याको झन् झन् भार,
यिनका आफ्ना मोज-मजाले शासनलाई यो झम्मार!
भोकाउँछ यो जनता अहिले, भन्दछ लाग्यो भोकै मात्र,
यो नालायक जनता हो नै भोकमरीको लायक पात्र!
हर मानिसले हुन्छ गरेको आफ्ना घरको बन्दोबस्त,
जनता धम्मरघूस छ हाम्रो, अब खाओस् यो जनता मस्त।

"कहिल्यै केही जोहो नगरी जान्दछ जनता खालि हसुर्न,
चिन्तन नगरी सुत्दछ आफू, घन गर्जे झैं थाल्दछ घुर्न।
आफूलाई मान्छ मनीषी शासनलाई पिर्न कराई,
सामल पैदा हुन्न दनादन तिम्रो तर्जनदेखि डराई।
भोकै कोही छैन मरेको, न कसैलाई मर्न दिइन्छ,
बूझ पचाई राय बझाई शान्ति बिगारे दुष्ट भइन्छ।"

हाम्रै बलले बहुमत पाई जो चुनिएथ्यो, अब त्यो आई
"म हुँदैछु छिटै, अन्न लिएरै फिर्दैछु" भन्यो नाक कन्याई।
"भोक न निद्रा, विह्वल-व्याकुल, गर्दै नै छौं कोशिश साथी,
हाम्रै जिम्मामा छ व्यवस्था, दायित्व महान् हामीमाथि।
उन्नति धेरै गर्न बितेको पिछडेको यो सुन्दर देश,
निर्माण तथा शान्तिसहितको सौन्दर्य झनै होला बेस।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मागिरहेछौं अन्न रिसाई, आइपुगेको मात्तै छैन,
ढाडस देऊ, खामस खाऊ, धैर्य विपत्मा मास्नु हुँदैन।
खाइन सक्छ यस दुनियाँमा आफ्नो-आफ्नो मात्र कमाइ,
सरकार यहाँ भन्दछ पालूँ, तैपनि आफ्ना जनतालाई।
भगवान्लाई पनि सम्झौं नै, त्यै हो साझा भाग्यविधाता,
भोकमरीमा पारी हेर्ने सबको यौटै भोजनदाता।"

त्यै दुर्दिनमा कविता कसले टाँस्यो अत्याचार-विरोधी!
राती पर के खेलाए रे नाटक भ्रष्टाचार-विरोधी।
"आगो!" सुन्दा झ्याल उघारी हाम्फालेथ्यौं हत्त र पत्त,
जसको प्रेरक सम्भाव्य भयो आज समस्या-सिर्जक तत्त्व।
एक धनीकै घर त्यो छानी आगो कसले लाइदिएछ,
सल्कन मात्तै के पाएथ्यो, उस द्यौताले खाइदिएछ।

लाग्नु त पर्ने झुपडीमा हो आगो, हुन्थ्यो कम नोक्सानी,
भवितव्य पऱ्यो भन्थे, आगो लाउँछ कसले जानाजानी!
सन्तोष सबैलाई हुन्थ्यो देख्दा त्यतिमैं काल टरेको,
गावैंभरिको दुर्लंघ्य दशा देख्दा झुपडीमाथि झरेको।
यद्यपि हुन्थ्यो घोर बिचल्ली, यद्यपि रुन्थ्यो त्यो परिवार,
अझ बनिबासै लाग्थ्यो होला, भाग्थ्यो गर्दै हाहाकार।

छाती पारी व्यस्त खलाँती, पोग्चे गालासम्म फुलाई,
आँसू पग्लाएर धुवाँले, गालामा दुइ स्रोत बगाई।
फू-फू गर्दा बल्दैन थियो, सास्तीको के गर्नु बयान!
आगो बाल्दा कति रोइन्थ्यो पुछ्तै सातौंबाजि सिंगान।
चासै निभ्थ्यो झुपडी खाई भस्म गराई निभ्दा राँको,
भवनै पोल्यो, अनविश्वासी जात अघोरी यस आगाको!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शङ्कित शासन आक्रामक भो जारी गर्दै आफ्नो रोब,
वादी भोको जनतामाथि लाइन थाल्यो प्रत्यारोप।
शायद हर्षोन्मत्त थियो उ– 'गौण हुनेछन् अब यी भोका,
यी अधमुर्दा दानवमाथि कात्रो हाल्ने यै हो मौका।'
खेद्दै लगियौं हामी सारा बाख्रा जस्तै बालीमारा,
शान्ति-सुरक्षा सहजै कायम, तर लागेछन् केही नारा।

दूर शहरमा पर्चाबाजी, विद्यार्थीका जोश-जुलूस,
भोकमरीका भय बोकेका अखबारहरू हारालूछ।
घर-घर दाता, मानिस शायद हुन्छ दिंदा नै सौन्दर्यमय,
दिन सक्ने झैं नदिने कायर बस्छ कठ्याङ्ग्री ओढेर भय।
दुखका दिनमा मानिसलाई आँट्दछ मानिस लाउन पर्म,
मानिसलाई पार्दछ धार्मिक संकटप्रतिका डरको धर्म।

जानिसकेकै प्रख्यात थियो– छैन कसैका घरमा अन्न,
जब बोली नैं फुट्दैन थियो छ भने पैंचो देऊ भन्न।
जनता-सम्मुख पस्कनुपहिले नौलो भोजन आस्वादित भो,
कम्बल-सम्बल कति तह लागे : कतिको तृष्णा उद्घाटित भो!
देशान्तरतक तड्पेछ उता आफ्नो छाती खलबल पारी,
हामी सुन्थ्यौं आभारी झैं आँखा टलपल-टलपल पारी।

यसबीच यहाँ अन्न पठाए, अघिको जिल्लाधीश सरेछ,
कारा उघ्र्यो, मैं पनि निस्कें, किन्तु विगतको त्रास छँदैछ।
भन्दछ शासन अझ "उस बेला छैन भएको कम बदमाशी",
केही साथी अभियुक्त अझै : आगजनोको मुद्दा बाँकी।
"यी नभए को ?" भन्दछ शासन, बुझ्ने फुर्सद तब कसलाई,
कसले त्यस्ता काण्ड गराए ! को को लागे गर्न भलाइ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि अधूरो हेर सभा-घर, भैंचालाले भत्के जस्तो,
प्राण-प्रतिष्ठा होइनसक्दै सास अचानक फुत्के जस्तो।
जग हाल्ने दिन कुहिराभित्रै आइरहेथ्यो लाल प्रभात,
प्रकृति दिंदैछिन् धूप जगाई हामीलाई मानो साथ।
अब त्यो पूरा गर्छौं, त्यसमा भेट्ने गर्लान् दिलदारहरू,
चर्चा गर्लान् युग-जीवनको, बुझ्लान् युगका सञ्चारहरू।

सामाजिक स्तर उन्नत पार्ने हुन्छ कसैले नगरे आश,
गर्दैन भने जन-मानसमा आत्मोन्नतिको चिन्ता बास।
दिलदारविना हाँकिन्न समर नर-दानवका परिवारसित,
नभए पनि धन पाइन्छ हुती, पाइन्छ खुशी दिलदारसित।
थपिंदै जान्थे यिनका साथी हाँस्दै होस् वा मान्दै लाज,
कैयौं बिरुवा मौलाए झैं खाद परेका बिरुवामाझ।

हाम्रो मानिस चुनियोस्-चम्कोस्, बोकोस् हाम्रा दरकार पनि,
जसको कोशिशबाट प्रभावित होला प्रार्थित सरकार पनि।
साधन नभए श्रम अड्नु कहाँ! माग्नैपर्दछ कर लाएर,
तर माग्दैमा दिइहाल्ने को धरधाकविना चिच्चाएर?
शेष कुरामा धैर्य धरिन्थ्यो अवगत गर्दै युगको राय,
धैर्यविनाको मानिस के हो? अस्थिविनाको देहसिवाय!

अनिकाल त के, आज नसोचे पछि होला यो झन् विकराल,
सबतिर भोका बढ्दै जाँदा स्थायी जस्तै व्याप्त विशाल।
अझ सन्देही हाम्रो शासन छिद्रान्वेषण गर्दैछ यहाँ,
हामीलाई पिर्दैछ वृथा, हाम्रो तागत फोर्दैछ यहाँ।
यो ठाउं थियो आदर्श हुने, हुन्थे मानिस सफल प्रशस्त,
तर आई यो अनिकाल यहाँ हामीलाई पाऱ्यो ध्वस्त!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिकाल गयो, तर बस्तीमा छाडेर गयो यो अत्यास,
जन-जीवनमा राखेर गयो असहाय भई मरिने त्रास।
सुक्खाको डर पार्दछ फेरि मेघविनाको नीलाकाश,
लाग्दछ बाढी-पहिराको डर जब बादलका बढ्छन् रास।
अनिकाल गयो, दारिद्र्य रह्यो, घर-घरमा छन् साधु सुदामा,
सुन्दरतामा वैधव्य बढ्यो, वैराग्य बढ्यो भावुकतामा।

× ×

सत्य सुनें वा अतिरञ्जित हो, त्यसतिर नगई मेरो ध्यान
पर खरमारा बादलपारि अस्तित्व भयो अन्तर्धान।
चाहिन्न बडो द्वन्द्व मलाई, चाहिन्छ बड़ो सार्थक शान्ति,
अलि आभारी हुन पाए भो, नबढोस् मुखमा रातो कान्ति।
म भएँ भावी दिव्य पुरुष वा यौटा उत्सुक मूढ विपात्र,
अनुपस्थितिमा उभिइरहेको आकृति जस्तो आकृति मात्र।

×

फर्कन कोशीपारि अड्यो उ दिउँसो नपुगे घर रुन्छ भनी,
आफ्नो लट्ठी जिम्मा लायो यो लैजाऊ भर हुन्छ भनी।
एक घडीमा सूर्योदय भैं रश्मिहरूको फुक्नु छ ठेली,
छाया देख्ता शङ्का लाग्ने बित्छ भुताहा रात जुनेली।
अर्ध सचेतन सुनकोशी त्यो गर्जिरहेथ्यो अस्फुट नारा,
रोक्थे यातायात र उठ्थे माथि सडकका बीच तगारा।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यागमन

हुन्छ गरुङ्गो थामिनसक्नु जब कल्मषको जरजन्जाल,
भन्थे पृथिवी कम्पिन थाल्छिन्, भासिन थाल्छिन् तल पाताल।
फिर्ती यात्राबीच ममाथि बादल डुक्रे अम्बरतलमा,
हिँड्छ कि बाढी बस्तीमाथि! भन्थे पृथिवी डुब्छिन् जलमा।
पीडित दुःखी लाचार त्यसै, बलिया गर्लान् हाहाकार,
जसको धेरै सुख-सम्पत्ति, तिनकै चर्को आर्तपुकार।

प्रलय हुनाले विस्तृत फुर्सद, सुत्थे भगवान् खूब निदाई,
विश्वस्थितिका थकित नियन्ता मार्थे मस्तामस्त थकाइ।
स्रष्टा जसका नाभि-कमलमा बसिराखेका विफल हताश,
शेष झरीको झङ्कार अझै, जलमाथि सजल विकल बताश।
अझ मोहमयी निद्रादेवी नखिच्थी आफ्नो मायाजाल
भगवान्लाई छोपिरहेकी गहन गराई शून्य विशाल।

यस्तो गहन कि जसमा भगवान् बेहोश भए मग्न सुतेर,
बायाँ गालातल बेफिक्री आफ्नो बायाँ हात थिचेर।
न्यास्रो मानी बूढा स्रष्टा ताना बुन्दै प्रथम विजनको
प्रलयस्नाता धरणीमाथि कल्पित गर्थे दृश्य सृजनको।
अघि मानिसले मानिसमाथि गरिएका ती दुर्व्यवहार
सब माफ गरी बोकिरहेका फेरि सृजनको चिन्ता-भार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वोच्च शिखर पहिले खुल्ला, गह्वरका विल पर्लान् देखा,
साकार हुनन् घट्दो जलमा लामा-लामा पर्वत-रेखा।
ती गह्वरमा छन् वा छैनन् प्रकृति-पुरुषका प्रतिनिधि शेष,
जब बिरुवा नै उम्रन बाँकी, कहिले मञ्जुल वन्य प्रदेश!
संसारउपर पानी-पानी, अग्निविनाको अनुभव-त्रास,
अग्लिरहेको सतह सलिलको, साँघुरिएको विपुलाकाश।

आज करोडौं वर्षपछाडि संसार छ यो बल्ल समृद्ध,
फेरि गगनमा मानिसमाथि आइरहेछन् बादल क्रुद्ध।
सागरबाहक ती उत्पाती अब झोल्लिन्छन् पर्वतवारि,
चल्छ कि राती दुर्दान्त हुरी जल-वर्षाको वेग बटारी!
भैंचालाले जग हल्लाई, उग्र हुरीले फेरो मारी
एकेक भवन ढाल्ला जस्तो, फाल्ला जस्तो डाँडापारि।

नभमा बादल, भैंमा गर्मी, बाटामनिको कुञ्ज-कुनामा
को गर्भवती कन्दै रुन्छे हुन सुत्केरी पर्दा धामा।
त्यसतिर गइथी यौटी बटुवी घरजम बोकेसरि डोकामा,
दुइ-तीन झिंजा थाङ्नामाथि, केही सामल पनि पोकामा।
मौका छोपी भेट्ने गर्थे प्रेमी अघि जुन कुञ्ज-कुनामा,
हुन सुत्केरी रुन्छे अहिले स्थानविनाकी एक अनामा।

पतकर-सतकर, धूलि-कसिङ्गर घुम्छ हवाको भुमरी उठ्ता,
जसको मुस्लो हुन्छ विसर्जित माथि गगनमा भुमरी फुट्ता।
यौटा कुक्कुर पालीमाथि हिड्दछ आजै बहुलाएर,
तल-तल उड्दछ एक बकुल्लो लामा खुट्टा झुन्ड्याएर।
वायव्यहुँदो व्यापक गर्जन, आग्नेयहुँदो पर्दछ देखा
पात झरेको यौटा लामो घाँजो जस्तो विद्युत्-रेखा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर पुग्न विकल ग्रामीण कुनै चाँडो-चाँडो हिँड्छ नथाकी,
घरमा उसको घोर प्रतीक्षा, जसको छानो रोला राती।
ओतिनुपर्ला एक कुनामा अन्त नपाई आधार कुनै,
बास बसे झैं थुप्रो लागी वन-वानरको परिवार कुनै।
प्रगति-समीक्षा सकिंदा उठ्दै यै बेलामा चम्कन्छ सभा,
न्यायालयको राष्ट्रिय झण्डा अम्बरलाई हम्कन्छ हवा।

छैनन् रमणी कविका घरमा, जो ज्योत्स्नामा गर्थिन् स्नान,
न दया-सागर पात्र यशस्वी, न सदाशिवको प्रेमाख्यान।
कति चर्चितको मर्छ कहानी काग मरे झैं टाढा वनमा,
कतिमा आजै करुणा बढ्ला बादल-छाया लागी मनमा।
गर्दछ यौटा पंक्ति तपस्या पंक्तिहरूका बीच उनाऊ:
"धर्म बचाऊ, यैचाहिं बचे सक्ला सबको गर्न बचाउ।"

पसल-पसलमा शिक्षा मागी कोही बूढी महिला आमा
सद्‌मी जस्तै बोकिरहेकी यौटा जूठो कहतारामा:
चामल, चिउरा, नून र पीठो, पैसा पनि छन् दुइ-चारोटा,
योटा सुकुवा बोट लशुनको अनि सिन्कीको टुक्रो यौटा।
देखी भोजन-सामग्री त्यो कहतारामा दृष्टि पसारी
उनका सम्मुख हात पसार्छन् दुइटा टुहुरा बाल भिखारी।

जब रेशमका रेशा जस्ता पंक्ति परेका नरम परेला
आँखामन्तिर छाया पारी निहुरन थाल्थे सन्ध्या-बेला।
अङ्कित हुन्थे ती वयसीका यौवन-विम्बित गालामाथि
बीच परेलाबाट झरेका कनकाभाका मधुरा ताँती।
अब ती आँखा पर टोलाई हेर्छन् नभको दृश्य-विषाद:
बादल बादलभित्र हिँडेका उकुसमुकुस भै खाँदाखाँद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभमा ठूला मेघ धमाधम धुम्मिन धेरै लागेकाले
तल मानिसका सुकिला पहिरन मैला-मैला देखिन थाले।
लाग्यो शोभाहीन भए झैं रूपवतीको शृङ्गार पनि,
कम-कम राम्रा देखा पर्छन् राम्रा-राम्रा अनुहार पनि।
झन् ठूला भै अब झर्नेछन् नेत्र-कुसुमका अश्रु-पराग,
देख्छु बढेको जन-बस्तीमा खालि गरीबी, खालि विराग।

यी जनताका सन्तति जनता, यी जनताका साथी-भाइ,
यी तुच्छहरू, कङ्गालहरू बाँचिरहेका जीवन खाई।
काम नपाई भौंतारिन्छन्, खान नपाई भोका पर्छन्,
क्षुद्रपना नै बढ्दछ जसले, यी च्याँठिन्छन्, छटपट गर्छन्।
थोरै ठग्दैं, थोरै चोदैं, थोरै सोच्दै भाग्य समाप्त,
सुखको आशा हारी-हारी, ऐश्वर्य नभै कहिल्यै प्राप्त।

धेर परिश्रम, कम आम्दानी, खेद, थकाइ, क्रोध, बुभुक्षा,
मर्छ अनिद्राबीच धमाधम रातारातै जसको इच्छा।
तर मैंलाई अपुग छ अहिले, के दिउँला खै अब आगे पो!
रुनको धोको होइन मेरो, तैंपनि अहिले रुन लागेको।
पहिले पनि यी सन्दर्भ उठे, नूतन तत्त्वै के छ र यिनमा!
तैंपनि मुटुमा अररो गाँठो, तैंपनि टलपल आँसु नयनमा।

दुइ-चार मुठी अन्न सुभोजन, दुइ अञ्जलिभर निर्मल पानी
र यताउतिका दुइ-चार कुरा खोज्दछ यौटा मानवप्राणी।
त्यसमा पनि यी निर्धन मानव! थोरै पाए हुन्थे मग्न,
यिनको मङ्गल हुन लागेमा अनिकाल लिई आउँछ विघ्न।
आफू खाईकन यिनलाई भोकै राख्दछ लोक कृतघ्न,
मानिसद्वारा अझ अस्वीकृत मानिस छ यहाँ आशा-भग्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक म जस्तो लहडी व्यक्ति : यति मनमोजी मानिस हाय,
किन बहँदा हुन् उसका आँसु यौटा आफ्नै लागि सिवाय !
कोही रोयो, विचरो कोही, सोच्दासोच्दै टक्क परेर,
आफ्ना आँसू रोक्न नचाही, अब रोऊँ झैं सुँक्क गरेर।
युग-युगदेखिन् धानिरहेको धैर्य र आडम्बरको ठाँट
एकै छिनमा उत्सर्ग गरी रोयो विचरो आज मबाट।

म महाभारत सम्झन पुग्छु– 'हो त्यै रोयो, रोयो आज,
रोयो विचरो कृष्ण मुरारि त्यागी आफ्नो इज्जत - लाज।
व्यक्त गरेथ्यो जसले पीडा आफूलाई भइराखेको,
मर्का कतिका मर्म-व्यथाको उस यौटाले सहिराखेको :
"कोही घायल हैन भएको, साह्रै-साह्रै घायल म भएँ,
मैं हुँ पराजित, मैंले हारे, मैंले नै यो संग्राम सहें।

"अर्को कोही हैन मरेको, लडिराखेको मैं छु मरेर,
सुतिराखेको ऐय्या-ऐय्या भन्दै क्रन्दन-नाद गरेर।
अब हज्जारौं टुहुरा मैं छु, केवल टुहुरो मैं छु भएको,
कोही विधवा होइन, मैं छु डाँको छोडी रोइरहेको।
मैं तड्पेको आर्तस्वर हो, मेरै सस्वर अन्तस्ताप
टाढा-टाढाबाटै सुनिने यी घर - घरका विरह - विलाप।"

निर्वैर विराट्, कर्म - तपस्वी, असफलताको पीडाधारी,
रोयौ भगवान् ! यी घर - घरमा बेहाल भई आँसू झारी।
रोयौ धरतीमण्डल जत्रो जड़ भक्कानो मुटुमा पारी,
विवश विकलका आस्था रोयौ, रोयौ करुणा - मग्न मुरारि।
भगवान्प्रतिको अन्तिम आस्थासम्म सुकेको मानिस बाठो
म कराउँछु "हे भगवान् !" भन्दै फोर्दै अहिले मुटुको गाँठो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् ! मेरो भगवान् रोयौ, दुःख तिमीले धेरै पायौ ,
मेरा आँखाबाट तिमीले कसरी यतिका आँसु बगायौ !
तर सब आँसू खेरै जालान्, यस निमुखाले के गर्नेछ !
अझ रुनुपर्ला धेरै बाजि, अझ धरधरती रुनुपर्नेछ ।
म हरूँ कसरी दुःख अरूका ! म त आफू नै असक छु ज्यादा ,
बेला - बेला राह बिराई बुन्दै जाँदो बन्धन - बाधा ।

भगवान् ! हामी सब दण्डित छौं, पापीलाई प्राप्त छ माफ ,
यिनको मनमा मानव - पीडा कहिले ? कहिले पश्चात्ताप ?
बरु हे भगवान् ! हामीलाई प्राप्त भएको प्यार रहेछ ,
हर दिनका यी दुर्दिन काट्ता तिम्रो यै धन व्यय गरिएछ ।
प्यारै त थियो मानिससित जो सद्भावहरूबीच बचेथ्यो ,
यो प्यार थियो मानस - पाचक, जसमा युगको दुःख पचेथ्यो ।

×

सप्रिरहेको राष्ट्र छ यौटा, जसमा यौटा राजा बेस ;
कवि-लेखक छन्, जन-जीवन छन् जसमा उत्तम काव्य-प्रदेश ।
बूढ़ा - पाका दृष्टान्त दिंदै भन्छन् आफ्ना अनुभव - ज्ञान ;
गाउँहरूका बीच शहर छन् युग - निर्झरका मिलन - स्थान ।
गहुँगोरोले अनुहार धुँदा लाग्दछ हिउँमा सुनको घाम ;
नौला सुखका रहरहरू छन् : गर्छन् मानिस नौला काम ।

किन हो यस्तो नभए जस्तो, यत्न र आस्था शायद छैन ,
जन - जीवनले मुजुरा हाले लहलह कसको राष्ट्र हुंदैन !
लोक - हितैषी बन्धुहरूहो ! तिम्रो छाती विह्वल होला,
रोऊँ हामी असहायहरू तड्पेर कहीं भैकन भेला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिल्यै ह्वाँ ह्वाँ रोऊँ जस्तो सागरजति नै आँसु भरेर,
मेरो आत्मा आन्दोलित भै उठ्दछ हाहाकार गरेर।

× ×

वूढा मेरा बाजे दिन्थे श्री भगवान्‌कै उक्ति प्रमाण
आस्तिकताको चर्चा गर्दा उद्धृत गर्दै विष्णुपुराण :
"दीन-दुखीको उपकारी भै भक्त सघाउँछ मेरो काम,
गर्दछ जसले केवल भक्ति, भक्त नभै त्यो हुन्छ हराम।"
गर्दा प्रातःस्नान नदीमा उभिइरहन्थ्यो तटमा लट्ठी,
प्रात-पहरका वृद्ध पुजारी, हुन्थे दिनका सन्त गृहस्थी।

काम नपाए दाम्ला बाट्थे, अझ छन् जसले निर्मित खाट,
पढ्थे शास्त्र र चिन्तन गर्थे, जीवनपछिको खोज्थे थात।
जसका भित्ताबाट निरन्तर गर्थ्यो मानव-धर्म पुकार :
'पाप भनेको पर-पीडन हो, पुण्य भनेको पर-उपकार।'
मीठो-चोखो पाकेछ भने भन्थे पुरुखा गर्छन् आश,
"अर्पी आऊ! बाहिर गर्छन् भोका भूत-प्रेत निवास।"

आवृति जस्तै ढाकिरहेको आभास थियो मलमल-जाली,
ढाक्दछ कोही देवललाई जसरी कुहिरो घेरा हाली।
मेरा स्मृतिको करुणाञ्चलमा देखिन थाल्यौ आज परन्तु
मेरा वूढ़ा मार्ग-प्रदर्शक! दूर दिवङ्गत मेरा बन्धु!
सम्पन्न जहाँ दिनको मेलो, मानिसलाई दुर्लभ होला
शुभ-चिन्तनका लागि धरामा सन्ध्याभन्दा सुन्दर बेला!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोठापिच्छे रात पस्यो जब, उडु-गणका जब उघ्र आँखा,
जब गोरेटादेखि डराई दुनियाँ लाग्यो लाखापाखा।
जब थाकेकी मनमायाले पतिको गोडा मिच्न समाई,
घुर्छ मुरी नौ चिउरा हसुरी दन्तकथाको दैत्य निदाई।
कार्यक्रमको घटना बुन्दै व्याकुल यौटा कवि एकाकी,
अझ मानवले आफ्ना-आफ्ना कर्तव्यहरू गर्ने बाँकी।

हे जीवनका चिरतम चिन्ता! मेरा अन्तःपुरमा आऊ,
आऊ मेरा उत्सुकताहो! आऊ मेरा पीर-पिराउ!
जागृतिका हे खेतीपाती! हे विपनाका लहलह ज्वार,
स्मृति-पीडाका हे आर्तस्वर! हे भरिएका नयन-किनार!
हे युग-युगका विद्वान्-विदुषी! हे युग-युगका वृद्ध मनुष्य,
अब एकपटक आशिष बोकी आऊ हाम्रो हेर्न भविष्य।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. No. 17802
Class No 891.491 Book No PUD
Author
Title

Due on	Borrower's Name	Returned on

891.491
PUD

96502

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कविता कविको मानव-हृदयको मानसिक व्यापार हो। आस्था-आदर्श-र-संस्कृतिगत जीवनले प्रत्यागमन काव्यमा अभि-व्यक्ति पाएको देखिनु कन्चन पुडासैनीको कविका मानव-हृदयको मानसिक व्यापार भेटिनु हो।

यसमा चिरनवीन सुख र शान्तिको स्रोतरूपी नवयौवनको गान गाउनमा मूलरूपले प्रतिबद्ध उनको कवि जीवन-कार्यक्रमको ज्ञानलाई उद्भासित गरिदिने प्रेरकको खोजीमा यात्रोन्मुख भएको गाथा छ जो जीवन-कार्यक्रमको लक्ष्य स्पष्टरूपले देखिन लागेपछि प्रत्यागमन गर्छ। आखिर थाहा पाइन्छ :

कार्यक्रमको घटना बुन्दै व्याकुल यौटा कवि एकाकी,
अझ मानवले आफ्ना-आफ्ना कर्तव्यहरू गर्नै बाँकी।

उनका अनुभूतिहरू शाश्वत सत्यले ओतप्रोत, सामाजिक संवेदनशीलताले संवेष्टित र मानवीय उदात्तताले उदात्त छन्। उनका अभिव्यक्तिहरू सरल-सुन्दर शब्द-विन्यासमा उनिएर छन्दोबद्ध हुँदै, घटनाको चमत्कारले भन्दा वर्णनको मार्मिक-सजीव स्वाभाविकताले विश्वसनीय वातावरण सिर्जना गरी मनमुग्धकारी प्रभाव सम्प्रेषण गर्न समर्थ हुनु काव्यको अर्को विशेषता भएको छ।

नेपाली नागरिक-मौरीहरूका एउटै रानीको महिमा-गानबाट शुरू भएको यस काव्यमा राष्ट्रको, समाजको, व्यक्तिको भविष्य-प्रति चिन्ता छ; जीवनका स्वीकृत-आमन्त्रित पीर-पिराउहरू छन्। "आफ्नो दुःख त आफ्नो भँगो, कस-कसलाई दुःख छ हेर्नू" र "मिहिनेत गरी आफू बन्नू, उपकारहरू उसपछि गर्नू" भन्ने दुइ उदात्त आदर्श मध्य पहिलोचाहिं क्षीण हुँदै गएतर्फ ध्यान आकर्षित गर्न खोजिएको छ। अन्तमा, मानव-धर्मप्रतिको आकर्षण नै काव्यको सार-सौन्दर्य भएको छ।

— माधवलाल कर्माचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu